# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly


22nd APRIL 2016

| वर्ष- ३३ | अङ्क- १२ | ल्हुति पुन्हि | बैशाख २०७३ |
|---|---|---|---|





दूध-दुहुने वित्तिकै फाट्दैन, त्यसरी नै पाप कार्य गर्ने वित्तिकै त्यसको फल आउँदैन । भूसको आगोले विस्तारै पोल्न थाले जस्तै मूर्खहरूलाई उसको पापकर्मको फलले विस्तारै पोल्दै ल्याउँछ ।

मूर्खहरूको बुद्धि अनर्थ हुन्छ । मूर्खहरूले आफ्नो मूर्खताको कारणले आफ्नो प्रज्ञा तथा कुशल कर्म सबै ध्वंश पार्छन् ।

जुन कर्मको फल भोग्नु पर्दा मनमा ताप भई गहभरि आँशु लिई रोइरहनु पर्ने हुन्छ, त्यस प्रकारको कार्य नगर्नु नै वेश ।

जुन कर्मको फल भोग्ने समयमा आफ्नो मनमा ताप हुँदैन, प्रीति प्राप्त हुन्छ, त्यसप्रकारको कार्य गर्नु नै वेश ।


*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५९
नेपाल सम्बत् ११३६
इस्वी सम्बत् २०१६
बिक्रम सम्बत् २०७३

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |



Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# जस्तो वीऊ रोप्छ, त्यस्तै फल प्राप्त हुन्छ

भगवान् बुद्ध जेतवन विहारमा रहनुभएको अवस्थामा एक व्यक्तिले उहाँसंग यसरी प्रश्न गर्न आएको थियो–

के दान दिएमा बलशक्ति दान दिएको हुन्छ ? के दान दिएमा रूप दान दिएको हुन्छ ? के दान दिएमा सुख दान दिएको हुन्छ ? के दान दिएमा आँखा दान दिएको हुन्छ ? के दान दिएमा सवथोक दान दिएको हुन्छ ? र के दान दिएमा अमृत दान दिएको हुन्छ ?

माथि उल्लेखित प्रश्नहरूको उत्तर भगवान् बुद्धले यसरी दिनुभएको थियो –

**अन्नदो बलदो होति वत्थदो होति वण्णदो ।**
**यानदो सुखदो होति दीपदो होति चक्खुदो**
**सो च सब्ब ददो होति यो ददाति उपस्सयं**
**अमतं ददो च यो होति यो धम्म मनुसासति**

- *संयुक्त निकाय*

अर्थात्– अन्नदान दियो भने बल शक्ति दान दिएको हुन्छ ।

वस्त्र दान दियो भने रुपवर्ण दान दिएको हुन्छ ।

यातायात वाहन दान दियो भने सुखदान दिएको हुनेछ ।

दीपं (बत्ति) दान दियो भने आँखा दान दिएको हुन्छ ।

धर्मदान गर्‍यो भने अमृत दान दिएको जस्तै फल प्राप्त हुनेछ ।

अब विचार गरौं– भगवान् बुद्धले अन्न दान दियो भने बल, शक्ति दान दिएको जस्तै फल प्राप्त हुनेछ भनेर किन भन्नु भएको होला ?

बुद्ध हुनुभन्दा पहिला सिद्धार्थ कुमारले विना आहार तपस्या गर्नुभएको कारणले शरीर क्लान्त भई बुद्धत्त्व प्राप्त गर्न सक्नु भएन । वेहोश हुनुभयो । जब होश आयो, तब उहाँले आफ्नो अनुभवको आधारमा यसरी बुझ्नुभयो–

"शरीर स्वस्थ र बलियो नभएसम्म ज्ञान प्राप्त नहुने रहेछ । त्यसैले शरीरलाई आवश्यक मात्रामा आहार सेवन पनि गर्नुपर्ने रहेछ ।"

त्यसपछि सिद्धार्थ कुमारले खाना सेवन गर्नुभई शरीर स्वस्थ र तन्दुरुस्त भएपछि मात्र चिन्तन शक्ति वृद्धि गरी बुद्ध हुनुभयो ।

त्यसैले भगवान् बुद्धले जेतवन विहारमा प्रश्न गर्नुहुने व्यक्तिलाई यसरी उत्तर दिनुभएको थियो–

खाना दान दिने व्यक्तिले आयु, वर्ण (रूप) सुख, बल र प्रज्ञा दान दिएको हुन्छ । किनभने खाना खान पाएको कारणले मात्र मानिसले बाँच्नको लागि चाहिने आयु प्राप्त गरिरहेको हुन्छ ।

खाना खाएकै कारणले मात्र अनुहार र शरीर हृष्टपुष्ट भई रूप राम्रो हुने हो ।

भोको पेटले छटपटिएको मनलाई खाना खाएपछि मात्र सुख प्राप्त हुनेछ ।

खाना खाएरै मात्र शरीरले बल शक्ति प्राप्त गरिरहेको हुन्छ ।

खाना खाएर मात्र मगजले चिन्तनशक्ति प्रयोग गरी बुद्धि प्राप्त गर्न सक्ने हो ।

माथि उल्लेखित यी महत्त्वपूर्ण ५ वटा तत्त्वहरू खाना खाएपछि हामीले प्राप्त गर्न सक्छौं ।

त्यसैले मानिसको लागि नभई नहुने आधारभूत आवश्यकता परिपूर्ति गरिदिनु भनेको नै आफ्नै लागि आवश्यक तत्त्वहरूको बीऊ कर्मक्षत्रमा रोप्नु हुन जानेछ ।

भगवान् बुद्ध भन्नुहुन्छ–

**"यादिसं वपते बीजं तादिसं हरते फलं"**

*अर्थात्*– जस्तो वीऊ रोप्छ, त्यस्तै फल प्राप्त हुन्छ । नेपालमा गत बैशाख १२ गते गएको महाभूकम्पको कारणले पीडित कतिपय नेपाली जनताले गाँस, वास र कपासको अभाव भोग्न वाध्य भइरहेको अवस्थामा दयावान्, श्रद्धावान् व्यक्तिहरूले त्रिपाल, जस्ता, खाना, टर्च, औषधि र वस्त्र आदि उपलब्ध गराई पुण्य कार्य गरेका थिए । ती मध्ये थाइलैण्डका संघराजा भिक्षु आफैं नेपाल आउनु भई धर्मस्थलीका जनतालाई आवश्यक आधारभूत आवश्यकता परिपूर्ति गरी पुण्य सञ्चय गर्नुभएको थियो ।

यसरी नै श्रीलंका, थाइलैण्ड, बंगलादेश, भारत



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

आदि विभिन्न देशहरूबाट पनि भूकम्प पीडित नेपालीहरूलाई राहत सहयोग प्रदान गरी मौकामा पुण्य सञ्चय गरेका थिए ।

भगवान् बुद्धले पुण्य सञ्चय गर्ने उपाय र यसको महिमा बताउनु भए अनुसार मौकामा पुण्य रूपी बीऊ रोप्न जानेका व्यक्तिहरूले भाग्य रूपी फल प्राप्त गर्ने कार्य गरिरहेका छन् । तर यस प्रकारको कार्यको महिमा नबुझेका, नजानेका व्यक्तिहरू भने भूकम्प पीडित व्यक्तिहरूको लागि भनी प्रदान गरिएको राहत र सहयोग माथि नै अनुचित फाइदा उठाउने कार्यमा लागि परेका नरमाइला समाचारहरू सुन्न परिरहेको छ ।

तर दुःखी व्यक्तिहरूलाई उपकार गरी पुण्य सञ्चय गर्ने व्यक्तिले प्रकृतिको नियमानुसार भाग्य रूपी फल पाउने मार्ग तय गरिरहेका हुन्छन् भने उपकार गर्नुको बदला ती दुःखी व्यक्तिहरूको लागि भनी दिएको सहयोगबाटै अनुचित फाइदा उठाउने व्यक्तिहरूले दशा रूपी फल भोग्ने मार्ग तय गरिरहेका हुन्छन् ।

त्यसैले भन्ने गरिन्छ, नभएको (अभाव) स्थितिलाई सामना गर्नु भन्दा पनि नजानेको (मूर्खतापूर्ण) कारणले गरिएको कार्यले बढी खतरा निम्त्याइरहेको हुन्छ । यस विषयमा हामी विशेष रूपले गम्भिर र सतर्क रहनु जरूरी देखिन्छ ।

**धर्मकीर्ति गतिविधि**

# श्रद्धाकीर्ति विहार शिलान्यास

*२०७२ चैत्र २७ गते, शनिवार ।*
*स्थान- चःमति, काठमाडौं ।*

यसदिन काठमाडौं नगरपालिका वडा नं. १५ स्थित चःमतिमा श्रद्धाकीर्ति विहार भवन निर्माणार्थ धर्मकीर्ति संरक्षण कोषका अध्यक्ष भिक्षुणी धम्मवतीबाट शिलान्यास कार्य सम्पन्न भएको छ ।

धर्मकीर्ति संरक्षण कोषको आयोजनामा कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा भिक्षु धम्मानन्दले पञ्चशील प्रार्थना गराउनु भएको थियो । कोषका उपाध्यक्ष द्रव्यमान सिंह तुलाधरको उपस्थितिमा सञ्चालित उक्त कार्यक्रममा कोषका सदस्य मीना तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएपछि श्रद्धा कीर्ति विहार निर्माण कमिटीका सदस्य मीनु थापाले चःमतिमा निर्माण हुन लागिरहेको यस विहारको निर्माण कार्यको लागि भइरहेको यथास्थिति विषयमा आफ्नो मन्तवइ व्यक्त गर्नुभएको थियो ।

सो पश्चात् भिक्षु धम्मानन्द र भिक्षुणी धम्मवती लगायत कार्यक्रममा उपस्थिति भिक्षुणी संघबाट सामूहिक परित्राण पाठ गरिएको थियो ।

धर्मदेशना गर्नुहुने सिलसिलामा भिक्षुणी धम्मवतीले भन्नुभयो–

“विहार भनेको धर्म गर्ने पवित्र स्थान हो । त्यसैले विहार कोही पनि नीजि व्यक्तिको हुँदैन । हाल श्रद्धाचारी गुरुमांको रूपमा चिनिरहेकी व्यक्ति तिमीला रञ्जितले गृहस्थ जीवनमा सङ्कलन गरी राखेको केही रकम खर्च गरी किनिराखेको सानो एकटुक्रा यस जग्गा धर्मकीर्ति संरक्षण कोष, धर्मकीर्ति विहारलाई दान दिएको थियो । यसै जग्गामा धर्मकीर्ति विहारको अन्तर्गत रहने श्रद्धाकीर्ति विहार निर्माण हुन लागिरहेको छ । यस विहार निर्माणको लागि यथा श्रद्धा सबैले सहयोग गर्न सक्नु हुनेछ । विहार निर्माण भइसकेपछि यो स्थान धर्म प्रचार कार्यको लागि प्रयोग हुनेछ ।”

कार्यक्रमको अन्त्यमा धर्मकीर्ति संरक्षण कोषका कोषाध्यक्ष अजयरत्न स्थापितले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गर्नुभएको थियो ।

कार्यक्रममा उपासिका श्रीमीला सुवालले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

उक्त कार्यक्रम सञ्चालित अवस्थामा नै धर्मकीर्ति संरक्षण कोषका उपाध्यक्ष दाता द्रव्यरत्न तुलाधरले श्रद्धाकीर्ति विहार निर्माणार्थ ५ लाख रुपैयाँ चन्दा प्रदान गर्ने घोषणा गर्नुभएको थियो ।

कार्यक्रम शुरु हुनु अगाडि नै चःमति भजन मण्डलले ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# धर्मको सही मूल्याङ्कन

✍ **कल्याण मित्र सत्यनारायण गोयन्का**

धर्मको सही मुल्याङ्कन गर्न सक्यौं भने मात्र दृष्टी सम्यक् हुन्छ, विवेकहीन हुँदैन, धर्म-मार्गमा आफ्नो सन्तुलन भइरहन्छ अन्यथा धर्म अपाङ्ग हुन्छ। जस्को जति मूल्य छ त्यसलाई त्यति नै महत्त्व दिने– यही सम्यक दृष्टि हो । ढुङ्गा माटो, सीसा, हीरा, मोती, मणि, सुन, चाँदी, तामा, पित्तल, फलाम आदि सबैका आ-आफ्ना महत्व छन् । जसको जति महत्त्व छ त्यसको त्यत्ति नै मूल्य छ । जसरी सीसा र हिराको, माटो र सुनको एकै भाउ हुँदैन त्यसरी नै धर्मको क्षेत्रमा सबै एकै भाऊ हुँदैन, एउटै मूल्याङ्कन हुन सक्दैन । अन्यथा निस्सार बोक्रालाई धर्म मानी रहन्छ अथवा धर्मको नाममा कुनै कर्मकाण्डलाई प्राथमिकता दिई रहेमा शुद्ध धर्मको उच्चतम अवस्था प्राप्त गर्न सकिंदैन ।

उदाहरणको लागि लिऊँ– दान दिनु राम्रा हो । यो धर्मको एक अङ्ग हो तर धर्मको कसौटीमा दानको पनि भिन्न भिन्न मूल्याङ्कन हुनु जरूरी छ व्यापारिक होइन-नैतिक रूपमा। दान धेरै दियो कि थोरै, यसको कुनै महत्त्व छैन। तर दान दिंदा चित्तको चेतना कस्तो छ, यही ध्यान दिनु पर्ने कुरा हो। यदि त्यस समय चित्त क्रोधले भरेको छ, घृणा छ, द्वेष, भय, आतङ्क अथवा त्यस दानको बदलामा केही पाउने अत्यन्त चाहना छ, आफ्नो नाम राख्ने कामना छ, प्रतिस्पर्धाको भाव छ भने यस्तो दान निष्काम र अहंकार बिहीन चित्तले दिएको दानको अगाडि गौण छ , अमूल्य छ। जति धेरै दान दिए पनि हल्का हुन्छ। शुद्ध चित्तले दिएको दानको अधिक महत्त्व हुन्छ। दान दिनाले त्यागको भाव पुष्ट हुन्छ। तर यसैलाई मात्र प्राथमिकता दिएर सम्पूर्ण यही हो भनी बसिरह्यो भने धर्मको अन्य अङ्ग गौण हुन्छ, कमजोर हुन्छ ।

यस्तै प्रकारले ब्रत बस्नु पनि धर्मको एउटा अङ्ग हो । उपवास-ब्रत बसेर शरीरलाई स्वस्थ राख्न सकिन्छ । स्वस्थ्य शरीरले नै धर्मको पालन सहजपूर्वक गर्न सक्छ। शारीरिक स्वास्थको साथसाथै मानसिक संयम राख्नको लागि पनि ब्रत बस्नु उपयोगी हुन्छ। ब्रत बसे पनि मन पटक पटक मीठो खानेकुरो खानुमा लागिरह्यो भने यस्तो उपवास न्यून हुन जान्छ ब्रत शरीरले मात्र हो इन मन पनि पूर्णरूपमा संयमित भयो भने यस्तो ब्रत – उपवास उच्चकोटिको हुन्छ । तर यसैलाई मात्र बढी मूल्याङ्कन गरेर, यसैलाई सम्पूर्णता ठानेर बसिरह्यो भने अहंभावको शिकार हुनजान्छ र धर्मका अन्य महत्त्वपूर्ण अंगहरू छुटेर जान्छ। त्यसको अभ्यास गर्ने त परै जावस् धर्म पुष्ट पनि गर्न सक्दैन ।

ब्रत बस्ने ब्यक्ति यदि शील-सदाचार पालन गर्ने क्षेत्रमा कमजोर छ भने शीलवान ब्यक्तिको दाँजोमा न्यून हुन जान्छ । यस्तै प्रकारले मांसाहारी भोजन गर्ने भन्दा साकाहारी भोजन गर्ने, चटपट मसला भएको खाने भन्दा सादा कम मसला खाने व्यक्तिले आफूलाई अधिक श्रेष्ठ मान्न थाले मिथ्या अहंको कारण शुद्ध धर्म पाउनबाट बञ्चित हुन जान्छ। भोजनको मात्रा यति खाने, यस्तै भोजन गर्ने भनेर जिद्दी गऱ्यो भने धर्मको एक अङ्ग मात्र उपयोगी भई अर्को आवश्यक अङ्गबाट बञ्चित हुन जान्छ।

आफ्नो अधिक समय आलस्य, निन्द्रामा बिताउने ब्यक्ति भन्दा कम सुतेर अधिक समय जागरुक रहने व्यक्ति निश्चित रुपले राम्रो छ। तर धर्म मार्गमा अझ अगाडि बढ्नु पर्छ भन्ने कुरा बिर्सिंनु हुँदैन ।

शरीरलाई स्वस्थ राख्नको लागि घुम्नु, दौड्नु पौड्नु, व्यायाम गर्नु, आसन-प्राणायाम गर्नु आवश्यक छ, लाभदायक छ। त्यस्तै प्रकारले दिनहुँ नुहाउनु, शरीरलाई स्वच्छ राख्नु सफा-सुग्घर लुगा लगाउनु राम्रो हो । स्वास्थको क्षेत्रमा यिनीहरूको आफ्नै महत्व छन्, आफ्नै मान्यता छन् । तर यसैलाई सम्पूर्ण धर्म मानेर अथवा केवल शरीरको बाहिरी सफाई मात्र गरेर भित्री सफाई गरेन भने आफ्नो हानी हुन्छ। ब्रतको पालन गर्नु मन संयमित, सबल, सुदृढ र धर्म मार्गमा लागोस् भनेर हो तर यसलाई सम्पूर्ण थानेर बसिरह्यो भने यही बन्धन हुन जान्छ । कोही जप गर्छन्, मन्त्र जप्छन्, भने त्यो मन एकाग्रताको लागि हो तर मन एकाग्र गर्ने अभ्यास अलिकति पनि गरेन केवल मिशीन झैं हात मात्र घुमाईरह्यो भने अथवा यसैलाई धर्म मानिरह्यो भने



Downloaded from http://www.dhamma.digital

भक्तिन्छ । मन्दिरमा गएर आफ्नो उपास्य देवताको पूजा गर्छ - दर्शन गर्छ । यसबाट उनको मनमा श्रद्धा उत्पन्न हुन्छ श्रद्धाले मनमा सौमनस्यता जाग्दछ । सौमनस्यता चित्त एकाग्र गर्नमा सहायक हुन्छ । आफ्नो उपास्य देवताको मूर्ति आँखा खोलेर र आँखा चिम्लेर बार-बार हेरेर उनको ध्यान गऱ्यो भने त्यस देव-मूर्तिको आकृति आफ्नो आँखा सामू आउन थाल्छ । यस प्रकार चित्त एकाग्र गर्ने साधना प्राप्त हुन्छ । आकृतिको ध्यान गर्दै गर्दै उपास्य देवको गुणको ध्यान गर्न थाल्छ र ती गुणहरू आफ्नो जीवनमा ल्याउने प्रयत्न गर्न थाल्छ । यी सबै कार्य आफ्नो लागि कल्याणकारी छ । तर यस्तो केही नगरी केवल मन्दिर गयो, शीर झुकायो यति नै धर्म मानिरह्यो भने गलत मूल्याङ्कनको कारण रूढिवादीमा नै अल्झिन्छ ।

यस्तै प्रकार भजन कितर्न मनलाई जागरूक बनाउनको लागि हो; चित्त एकाग्र गर्ने साधन हो । तर यसैलाई मात्र सम्पूर्ण मान्न थाल्यो भने अनर्थ हुन जान्छ । कोही गुरू अथवा सन्त पुरुषको दर्शन गर्नु उनलाई नमस्कार गर्नु उनी प्रति श्रद्धा जगाउनको लागि हो । उनको गुणलाई हेरेर मनमा प्रेरणा जगाउनु र आफूमा त्यही गुण धारण गर्नु नै त्यसको लक्ष्य हो । तर यसभन्दा अधिक मानिन थाल्यो भने विवेक हराउँदै जान्छ र अन्ध भक्तिको कारण बुद्धी हीन हुन थाल्छ । धर्मग्रन्थको अध्ययन गर्नु – पाठ गर्नु अथवा धर्म श्रवण गर्नु त्यसबाट प्रेरणा प्राप्त गर्नको लागि, मार्गदर्शन पाउनको लागि हो । जसबाट धर्म जीवन व्यवहारमा आवोस् । तर यी सबलाई बिर्सेर केवल सुन्नु र पाठ गर्नु नै सम्पूर्ण ठानेर बस्यो भने मिथ्या दृष्टिको दलदलमा फेरि फसिन्छ ।

खोक्रो तर्क र विवाद धर्म होइन । शील-सदाचार जीवनमा आउनु नै धर्म हो । शील-सदाचारको पनि तह-तह छन् । अहिंसा, अस्तेय, ब्रह्मचर्य, सत्य र अप्रमाद यी शीलहरू मध्ये कसैले एउटा कसैले दुईटा, तीनवटा, चारवटा कसैले पाँचैवटाको पालन गर्ने गर्दछन् । जति बढी पालन गर्न सक्छ, त्यति नै धार्मिक हुन्छ । यस्ता विशिष्ट शील पालन गर्नको लागि अनूकुल परिवेश र परिस्थितिको आवश्यक पर्दछ । कोही व्यक्ति यस्तै वातावरणमा जन्मिन्छ । शील पालन गर्न सफल हुन्छ । कोही यस्तो परिस्थितिबाट भिन्न बिलकुल प्रतिकूल परिस्थितिमा रहेर पनि शीलको पालना गर्दछ, मनलाई वशमा राख्दछ भने यो व्यक्ति पहिलो व्यक्ति भन्दा अधिक श्रेष्ठ हुन्छ ।

मनलाई वशमा राख्नु धर्मको महत्त्वपूर्ण अङ्ग हो । यो समाधि हो । तर समाधि प्राप्त गर्नको लागि कसैले राग, द्वेष र मोह जनित आलम्बन प्रयोग गर्छ भने उ दूषित चित्तले समाधिस्थ हुन्छ । कसैले राग, द्वेष र मोह क्षीण हुने आलम्बन प्रयोग गर्छ भने यो दोश्रो व्यक्ति पहिलाको दाँजोमा अधिक श्रेष्ठ छ । दूषित चित्तको एकाग्रताद्वारा पनि अनेक प्रकारका ऋद्धि-सिद्धि प्राप्त गर्न सकिन्छ । सामान्य मानिसहरूलाई चकित पार्ने खालका चमत्कार प्रदर्शन गर्न सकिन्छ । तर यसैलाई धर्म मान्नु खतरनाक हुन्छ । जो व्यक्तिले सिद्धि प्राप्त गऱ्यो त्यो व्यक्ति मात्रै धर्मवाण हुने होइन । दुःशील व्यक्तिले पनि चमत्कार पूर्ण कार्य देखाएको देख्न पाइन्छ । त्यसैले चमत्कारको आधारमा धर्मको मूल्याङ्कन गर्नु ठीक छैन । गरिहाल्यो भने पनि गलत हुन्छ । समाधिको साथ-साथै शीलको पालना गर्नु अति आवश्यक छ ।

शुद्ध समाधिको मार्गमा विभिन्न उपलब्धिहरू पाइन्छन् । कहिले काहीं तीन-चार घण्टा एउटै आसनमा बसीरहन सक्छ । तर आसन-सिद्धि प्राप्त गर्नु नै साधनाको लक्ष्य होइन । यस्तै प्रकारले बन्द आँखामा पनि कुनै प्रकाश, ज्योति, रूप, रङ्ग, आकृति, दृष्य आदि देखिन सक्छ । कहिले-काहीँ कानले कुनै अपूर्व शब्द सुनिन्छ, नाकले कुनै गन्ध सुँघ्छ, त्यस्तै जीब्रोले कुनै रस, शरीरले अपूर्व स्पर्शको अनुभव गर्दछ र यी विभिन्न अनुभूतिहरूलाई दिव्य ज्योति, दिव्य शब्द, दिव्य गन्ध, दिव्य रस र दिव्य स्पर्श मानेर आवश्यकता भन्दा पनि बढी महत्त्व दिन थाल्यो भने अनर्थ हुन जान्छ । त्यस्तै प्रकारले समाधिको अभ्यास गर्दा गर्दै स्वास सूक्ष्म हुँदै अनायास स्वास रोकिन्छ, कुम्भक हुन्छ । अभ्यास गर्दै जाँदा विचार-वितर्कबाट मुक्त भई मन निर्विचार, निर्विकल्प हुन थाल्छ ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धन्य बुद्ध ! छ:पिं थें ज्व:ला:म्ह मदु थ्व जगते

✍ **भिक्षुणी डा. धम्मविजया,** किम्डोल विहार

बुद्ध ! छ:पि संसारया लूज: जुया बिज्या:म्ह
अल्सि भ्या:भचा हे चाय् मस:म्ह
मैत्री शक्ति पिज्वय्का बिज्या:म्ह
पक्षपातयात निर्मूल याना बिज्या:म्ह
संसारयात करूणा मिखां स्वया बिज्या:म्ह
स:पिनि न्ह्योने वीर जुया बिज्या:म्ह
मूर्खतय्त क्षान्ति पारमिता बलं त्याकेफुम्ह

सुयातं नं निता रंग किके मस:म्ह
फुक्क विद्यां पारंगत जुया बिज्या:म्ह
सांसारिक ध्याचलं मकीक अरहत जुया बिज्या:म्ह
सम्यक सम्बुद्ध जुया: निर्वाणया लँ क्यना बिज्या:म्ह
धन्य बुध्द ! छ:पिं धात्थें हे वीर स्वभावम्ह
जगते सुं मदु छ:पिं ज्व:ला:म्ह

---

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



lbjɯt pm kl08tflejz dxf:ylj/

म्यान्मारस्थित विश्व प्रसिद्ध महाशी सासन यैताका
प्रतिनिधि भई नेपालमा केही विपस्सना ध्यान शिविरहरु सञ्चालन गरिसकेपछि
२०४२ साल शंखमूलमा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र स्थापना गराउनु भई हामी नेपालीहरु प्रति असीम
स्नेह राखी प्रत्येक बर्ष यस भावना केन्द्रमा पाल्नु भई विपस्सना ध्यान शिविरहरु
सञ्चालन गर्नुभएका म्यान्मारस्थित पण्डिताराम ध्यान केन्द्रका संस्थापक
**ओवादाचरिय सयादो ऊ पण्डिताभिवंश महास्थविरज्यू**
२०७३ साल बैसाख ४ गते बिहान, ९६ बर्षको उमेरमा दिवंगत हुनुभएकोमा
उहाँको निर्वाणको कामना गर्दछौं ।

**मोतिकाजी शाक्य**
*कार्यवाहक अध्यक्ष*
*तथा*
## अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र परिवार
बुद्धनगर, शंखमूल, काठमाण्डौं, नेपाल ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–२३

✍ के.श्री धम्मानन्द
*अनुवादक–* मदनरत्न मानन्धर

## लडाई प्रति बौद्ध दृष्टकोण

आफ्नो धर्मको रक्षा गर्न समेत वा अरू कुनै पनि कुराका लागि बौद्धहरू आक्रामक हुनुहुँदैन । कुनैपनि प्रकारको आतंक हुन नदिन आफूले सकुन्जेल कोशिस गर्नु पर्दछ । बुद्धको भाइचाराको शिक्षा नमान्ने कोही कोहीले उसलाई लडाईं मा जान बाध्य तुल्याउन सक्छ । आफ्ना स्व-जनहरूको प्रतिरक्षार्थ (सेनामा) सम्मिलित हुन उसलाई आदेश आउन सक्छ र गृहस्थी जीवनमा रहेसम्म शान्ति र स्वतन्त्रताको संग्राममा सम्मिलित हुन ऊ बाँधिएको हुन्छ । यस परिप्रेक्षमा उसलाई सेनामा सम्मिलित भएकोमा वा प्रत्याक्रमण गरेकोमा दोषदिने ठाउँ हुन्न । किन्तु, सबैले बुद्धको शिक्षा अनुशरण गरेमा संसारमा लडाई गर्नु पर्ने कुनै कारण नै हुने छैन । लडाईंको घोषणा गरी मानिस मार्नुको साटो शान्ति कायम गर्न सकिने हरेक सम्भावनाको अवलम्बन गर्नु हरेक सभ्य मासिसको कर्तव्य हो । बुद्धले आफ्ना अनुयायीहरूलाई कुनै पनि खराब शक्तिको अगाडि (चाहे त्यो कुनै मानिस होस् वा अलौकिक शक्ति नै होस्) आत्म समर्पण नगर्न सिकाउनु भएको छ ।

वास्तवमा बुद्धि र वैज्ञानिक हिसाबले मानिसले प्रकृतिमाथि विजय प्राप्त गर्न सक्थ्यो तर पनि उसले स्वयं आफ्नो जीवन सुरक्षित पार्नसम्म पनि सकेको छैन । किन हाम्रो जीवन सुरक्षित नभएको त ? तर्क र बुद्धिमामात्र डुब्नाले र विज्ञानद्वारा आफू नियन्त्रित हुन पुग्नाले मानिसले आफूभित्र 'हृदय' पनि छ भन्ने कुरा बिर्सिसके र त्यसलाई वेवास्ता गरेर भावनाको बहावमा बग्न दिएर प्रदूषित हुन दिए ।

जब हामी आफ्नै जीवनको सुरक्षा गर्न सक्दैनौं तब विश्व शान्ति कसरी संभव हुन्छ ? शान्ति प्राप्त गर्न हामीले आफ्नो मनलाई वास्तविकतासँग सामना गर्न सिकाउनु पर्छ । हामी नम्र र यथार्थवादी हुनुपर्छ । कुनै एक व्यक्ति, वा कुनै एक राष्ट्रमात्रै गलत हुन्न भन्ने कुरा महसूस गर्नुपर्छ । बराबरी मै नभएपनि अपक्षपातपूर्वक पृथ्वीको सम्पदा बाँडेर हामी शान्ति पाउन सक्छौं । पृथ्वीका पाँच प्रतिशत जनताले यसको पचास प्रतिशत सम्पदा उपभोग गर्नु, अथवा पच्चीस प्रतिशत जनताले राम्ररी खान पाउनु र पचहत्तर प्रतिशतले भोकै बस्नु पर्ने कुरा एकदमै नमिल्ने कुरा हो । शान्ति तवमात्र आउँछ जब राष्ट्रहरू एक आपसमा न्यायपूर्वक बाँडचुड गरी अन्तराष्ट्रिय सद्भावना बढाउँछन् तथा धनीले गरीबलाई र बलियाले निर्धालाई मद्दत गर्छन् ।

शस्त्रास्त्रको होडवाजीको बहुलट्ठीपन रोक्नै पर्छ । जंगीजहाजहरूको सट्टा स्कूल, आणविक अस्त्रको सट्टा अस्पतालहरू बनाउने कार्यको थालनी गर्नु पर्छ । विभिन्न राष्ट्रले शस्त्रास्त्रको निर्माणमा नष्ट गरिने धन र जनलाई मानवीय जीवनस्तर उकास्ने विकासकार्य तर्फ मोड्नुपर्छ ।

प्रत्येक मानिस र राष्ट्रले स्वार्थीपन नत्यागेसम्म, जातिय अभिमान नछाडेसम्म, शक्ति र अधिकारको लागि अहंकारी प्रवृति नत्यागेसम्म संसारमा शान्ति स्थापना सम्भव छैन । धन सम्पत्तिलेमात्र सुखी होइन्न । धर्मको माध्यमद्वारा मात्रै मानिसको हृदय परिवर्तन गर्न तथा मनभित्र निशस्त्रीकरण, जुनमात्र साँच्चैको निशस्त्रीकरण हो, गर्न सकिन्छ ।

सबै धर्मले अहिंसाको शिक्षा दिन्छन्; तर दुर्भाग्यवश यस महत्त्वपूर्ण शिक्षालाई जानाजानी बिर्सिदिन्छन् । आज, आधुनिक शस्त्रद्वारा एक सेकेण्डमै लाखौंको ज्यान लिनसक्छ, जुनकि प्राचीन जातीहरूले एक शताब्दिमामात्र गर्न सक्थे ।

कुनै राष्ट्रका केही मानिसहरूको आफ्नो युद्धभूमिमा धार्मिक पहिचान, धार्मिक वाणीहरू र धार्मिक झण्डा बोकेर आउनु, झन दूर्भाग्यको कुरा हो । तिनीहरूको धर्मको महत्तालाई अवनति गरेको कुरा चाल पाउँदैनन् ।

बुद्ध भन्नुहुन्छ– "भिक्षुहरू ! काम तृष्णाको कारण राजा-राजा बीच, राजकुमार-राजकुमार बीच, पुरोहित पुरोहित बीच, नागरिक-नागरिक बीच आमा-छोरी बीच,बाबु–छोरा बीच भाई-भाई बीच, भाई-बहिनी बीच, दिदी भाई बीच साथी-साथी बीच झगडा भइरहन्छन् ।"

*( मज्झिम निकाय )*

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२९५

✍ डा. रीना तुलाधर (बनिया)
'परियत्ति सद्धम्म कोविद'

**योऽध कामे पहत्वान – अनागारो परिब्बजे**
**कामभव परिक्खीणं – तम हं ब्रूमि ब्राह्मणं**

*अर्थ*- उपरोक्त गाथा भगवान् बुद्धले जेतवन विहारमा बस्नु भएको बेला सुन्दर समुद्ध स्थविरको कारणमा भन्नुभएको थियो ।

श्रावस्ती नगरमा चालिस कोटी धन भएको कुलमा सुन्दर समुद्ध नामका एक कुलपुत्र थिए । एक दिन अपरान्ह धेरै मानिसहरू जेतवन विहारपट्टि गइरहेको देखर उसले सोधे– "तिमीहरू कहाँ जान लागेको ? उनीहरूले जेतवनमा भगवान् बुद्ध कहाँ धर्मश्रवण गर्न जान लागेको भने । "त्यसो भए म पनि आउँछु" भनी उनीहरू सँगै गए । ऊ धर्म देशना सुनीरहेको परिषदको एक छेउमा बस्यो । भगवान् बुद्धले उसलाई नै सुहाउने धर्म कथा सुनाउनु भयो । धर्म श्रवण गरेपछि उसलाई गृहत्याग गरेर प्रव्रजित हुने इच्छा व्यक्त गऱ्यो । बुद्धले प्रव्रजित हुन आमाबाबुको अनुमति लिनुपर्छ भन्नुभयो । उसले ठूलो उत्साह गरेर आफ्ना आमाबाबुको अनुमति लिएर तथागतकहाँ प्रव्रजित भएर उपसम्पदा पनि लाभ गऱ्यो ।

त्यसपछि उसले विचार गऱ्यो– "यहाँ बस्नुभन्दा राजगृहमा गएर बस्नु नै वेश होला । त्यसपछि श्रावस्ती छोडेर ऊ राजगृहका गएर बस्नु नै वेश होला । त्यसपछि श्रावस्ती छोडर ऊ राजगृहमा गएर बस्यो । त्यहिं भिक्षाटन गरी जीविका गर्न थाल्यो ।

एकदिन श्रावस्तीको उत्सव चलीरहेको थियो । उक्त भिक्षुका आमाबाबुले आफ्ना छोराका पुराना साथीहरू उत्सवमा मोजमस्ति गर्दै खेलीरहको देखेर छोरालाई सम्झी रोए । त्यही बेला त्यहाँ एकजना नगरशोभिनी (वेश्या) ले उनीहरू रोइरहेको देखेर सोधिन्- "आमा, तपाइँ किन रोइरहनु भएकी ?" आमाचाहिँले भिक्षु भएर गएका आफ्ना छोरालाई सम्झेर रोएको बताइन् ।

नगरशोभिनी आइमाइले भिक्षु भएर गएकालाई फेरि घर गृहस्थीमा फर्काएर ल्याउनु हुन्छ कि हुँदैन भनेर सोधिन् । उनीहरूले सक्यो भने त हुन्छ, तर आफ्ना छोरा भिक्षु श्रावस्ती छोडेर राजगृहमा बस्न गएको कुरा बताए ।

त्यो आइमाइले भनिन्- "यदि मैले उसलाई चीवर छोड्न लगाएर गृहस्थीभावमा फर्काएर ल्याउन सके भने मलाई के दिनुहुन्छ त ?"

आमाबाबुहरूले भने- "त्यसो गर्न सक्छौ भने त तिमीलाई घरकी मालिकनी बनाउँछौं ।"

"उसो भए ठीक छ, मलाई चाहिने खर्च देउ ।" भनी चाहिने जति खर्च रकम लिएर उनी राजगृहमा गइन् । सुन्दर समुद्ध भिक्षुलाई चिनी ऊ भिक्षा आउने बाटोनिरै एउटा घर लिएर बसिन् । दिनहुँ मीठो मीठो परिकार पकाएर भिक्षा दिन थालिन् । सुन्दर समुद्ध भिक्षु भिक्षा लिएर त्यहाँबाट हिँड्थ्यो । दुईचार दिनपछि यहिं बसेर खानुस् भनेर त्यहिं राखेर खान दिइन् । विस्तारै केही दिनपछि उस्तै मीठो मीठो पकवान पकाएर भिक्षा दिई यहाँ बाहिर फोहर छ, घरभित्र बसेर खानुस् भन्न थालिन् । भिक्षुले पनि भने जस्तै गरे । यस्तो गर्दागर्दै एकदिन त आइमाइले फकाइ फुकाई घरको सात तल्ला माथि छानोको तल्लासम्म लिएर गइन् । भिक्षुले पनि मीठो खाने स्वादको वशमा परी उसले भनेको मानेर माथिसम्म गए । आइमाइले घरको ढोकादेखि चुकुल लगाइन् । माथि पुगेर भिक्षुलाई एउटा ओछ्यानमा बस्न दिइन् । त्यसपछि त आइमाइले अनेक प्रकारले आफ्नो रूप सौन्दर्य देखाउँदै, वस्त्र पनि उतार्दै देखाउन थालिन् ।

अनि त भिक्षु झसंग भए– "अहो ! म त कहाँ पुगेछु, कस्तो पाप गर्न लागेछु," उसले आफ्नो मनलाई बेस्करी नियन्त्रण गरे ।

त्यही बेला ४५ योजन टाढा वस्नु भएको भगवान् बुद्धले यो देखी जिउ हल्लाउनु भयो, मुस्काउनु भयो । आनन्द स्थविरले यो देखी बुद्ध हाँस्नु भएको कारढण सोधे । बुद्धले भन्नुभयो– राजगृहमा घरको सात तल्ला माथि सुन्दर समुद्ध स्थविर र नगरशोभिनी बिच संग्राम भइरहेको छ । आनन्दले सोध्यो– "कसको विजय हुन्छ ।" बुद्धले भन्नुभयो– "सुन्दर समुद्धको विजय हुन्छ ।" यस्तो भन्नुभई बुद्धले त्यहिंबाट र श्मि फिजाएर पठाउनुभयो र भन्नुभयो– "हे भिक्षु, तिमीले दुइवटै काम तृष्णालाई निरपेक्ष गरी तृष्णालाई त्यागेर मुक्त हुनु ।" यही आधारमा स्थविरले ऋद्धि सहित अरहत्त्व लाभ गरेर ऋद्धिको बलले छानोमाथिबाट आकाश मार्गबाट हिँडी बुद्ध समक्ष बस्न आए । (यसरी भन्दै भगवान् बुद्धले उपरोक्त थाथा भन्नुभयो ।)

सुन्दर समुद्ध स्थविरको यस कुरालाई लिएर भिक्षुहरूको बीचमा कुरा भयो– "रसास्वादको जिब्रोको तृष्णामा परी डुब्न लागेकोलाई भगवान बुद्धले आश्रय दिनुभयो । ❖



Downloaded from http://www.dhamma.digital

# मानसिक विकास र बुद्ध धर्म–३

✍ **अमृत काजी शाक्य**
*फसिक्यब, न्यूरोड*

एउटा उच्चतम प्रविधिको प्रादुर्भाव भयो, जसले पुराना सबै शिक्षा प्रविधिलाई छेउ लगाइदिए । क्रमबद्ध र बोधगम्य तरिकाको यो प्रविधि हरेक वर्ग, पेशा, मानसिक क्षमता भएकाहरूका लागि अचुक सावित भयो । बुद्ध धर्ममा शील आधारशीला हो । **पञ्चशीलले** *(हिंसा, चोरी, व्यभिचार नगर्न, झूठो नबोल्नु, जाँड नखाने)* सदाचारी जीवनको बाह्य जगत् (प्रकृती)संग तादात्म्य मिलाउन सहायता गर्छ भने थप **३ शीलले** *(संगीतमा नभुल्नु, मध्यान्हपछि नखानु, उच्च आशनमा नसुत्नु)* नीतान्त आन्तरीक विशुद्धि ल्याउँछ । सही वचन, व्यवहार र पेशा शील अर्न्तगत पर्छ, जसको सही अवलम्बनले मानिस-मानिस बीच र अरु प्राणी बीच सौहार्दता अभिवृद्धि गर्छ । यसबाट मानसिक विकार कम भई थप उच्च-स्तरको मानसिक विकासतिर अवलम्वन हुन र समाधिको लागि लायक बनाइदिन्छ । चित्तको चञ्चलता नै मानसिक विकासको बाधक हो त्यसलाई शान्तपार्न समाधिले ठूलो भूमिका खेल्दछ । चित्तमा सही एकाग्रता आयो भने जीवनको वास्तविकता स्पष्ट हुँदैजान्छ, सही के हो र गलत के हो छुटिदै जान्छ । आफू र अरुमा समानता देखिन थाल्छ, अरुलाई दोष थुपार्ने हराएर जान्छ । **सब्बेसत्ता कम्मस्सका कम्मदायादा कम्मयोनि कम्मपतिशरणा यं कम्मं करिसन्ति कल्याणं वा पापकं तेस दायादा भविसन्ति** *(बुद्ध वचन, कर्मनै सबैथोक हो भन्ने अर्थ)* भनेर जब स्पष्ट हुन्छ, अकुशल कर्म गर्नबाट टाढिन्छ । यो मानसिक विकासकै लक्षण हो ।

कुनै पनि उत्पन्न वस्तु वा स्वभावमा निरन्तरता हुँदैन भन्ने जीवन र जगतको वास्तविकतालाई “अहो दुःख” भनेर जानेर त्यसप्रतिको म र मेरो भन्ने आशक्ति (Attachment) नाश भई अनात्म भावना उत्पन्न हुनजान्छ । **कार्य कारणको सम्बन्धलाई** *(प्रतित्य समुत्पाद, Theory of dependent origination)* यथार्थ रुपमा बुझेर हरेक वस्तु तथा स्वभाव बिनाशशील छ, जुन बिनाशशील हो त्यो दुःखैमात्र हो भनेर थाहा नपाउनु नै अविद्या हो र यसैको कारण बाँकि **एघार वटा तत्वहरू** *(संस्कार, विज्ञान, नामरुप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरण)* सञ्चालनमा आएर जीवन क्रमको निरन्तरता अघि बढिरहने हो, भनेर यथार्थ थाहा पाएर आयतन र आलम्बनको सम्पर्कमा तृष्णा होइन प्रज्ञा जगाउन सफल हुन्छ । कुनै पनि वस्तुको स्वतन्त्र अस्तित्वनै रहेनछ, परनिर्भरतामै यो जीवन र जगतको क्रम सञ्चालनमा आइरहेको रहेछ, भनेर स्व अनुभवबाट बुझ्दछ, त दुःखचक्रको नाश गर्छ, धर्मचक्रको उदय गर्छ । व्यक्ति आफैंमा बुद्ध बन्दछ । यसरी तहगत रुपमा बुद्ध धर्मले मानसिक विकाससंग प्रत्यक्ष सम्बन्ध राखी यसलाई उच्चतम तहसम्म पुऱ्याउँदछ । यस्तो सम्बन्ध अरु कुन धर्ममा पाउन सकिन्छ र ?

इ.पु. छैठौं शताब्दी, जुन समय संसारका विभिन्न ठाउँहरूमा धेरै धार्मिक तथा आध्यात्मिक विद्वान्हरूको जन्म भयो, विभिन्न सम्प्रदायहरूको शुरुवात भयो, यी सबैमा भगवान् बुद्धको शिक्षा अब्बलन ठहरियो । मानिसहरूको जिज्ञासा शान्त गर्न, उनीहरूलाई शान्तिमार्गतिर उन्मुख गर्न र उनीहरूको मानसिक विकासको उत्थान गर्न सफल भयो । त्यसैले अरु सबै धर्म सम्प्रदायको अगाडि बुद्ध धर्म एउटा उज्वल र चम्किलो तारा जस्तै भएर अगाडि बढ्यो, चौतर्फी अवलम्वन र अनुमोदन गरियो । धेरै विकृत मानसिकता भएकाहरू यस धर्मलाई अवलम्बन गरेर परिस्कृत मानसिकताको भएर निस्के । **अंगुलिमाल जस्ता क्रूर हत्यारा, अशोक र कनिष्क** *(भारतवर्ष, सन् ७८ १०१)* जस्ता क्रूरसे क्रूर शाशकहरू यस धर्मको संगतमा आएर परिवर्तन भएर सम्पूर्ण सत्वप्राणी प्रति करुणामयी भए र आफू मात्र होइन सबैलाई मैत्री, करूणा, मुदिता र उपेक्षाको भावना गर्न अभिप्रेरित गरे ।

समयक्रमसंगै यस बुद्ध धर्ममा पनि आन्तरिक र बाह्य प्रभावहरू पर्दै गए, आफै आफैमा पनि **विखण्डित भए** (तेश्रो संगायना, सम्राट अशोकको पालासम्म भिक्षुसंघ १८ निकायकमा विभाजन भइसकेको) । संसारमा नयाँ शाशक, नयाँ सिद्धान्त, नयाँ सम्प्रदायहरू आए, विभिन्न दवावहरू आए, मानिसहरूको इच्छा, आकांक्षा, अपेक्षाहरू फरक फरक हुँदैगए । तर विषम से विषम परिस्थितिमा पनि बुद्ध धर्मले मानसिक विकासको आफ्नो मूल मर्म नछोडिकन आफूमा समय सापेक्षित परिवर्तन ल्याएर, उपाय कौशल्य अपनाएर, आदिबुद्ध र बोधिसत्वको अवधारणा ल्याएर होस् वा **बुद्धो भवेय जगतो हिताय** भनेर महायानको सिद्धान्त ल्याएर होस् वा सर्वोपकारं जगतो हिताय भनेर वज्रयानको सिद्धान्त ल्याएर होस् वा मूर्ति,



Downloaded from http://www.dhamma.digital

मन्त्र, मुद्रा, मण्डल आफूमा समावेस गरेर होस्, जुन स्थान, समयमा पुग्यो त्यही अनुरुप स्वरुप ग्रहण गरेर जनमानसको मानसिक उत्थान गरिनै रहे, जीवन्त बनिनै रहे । नेपालमण्डलमा नेवार धर्म यसै उपाय कौशल्यको एउटा उदाहरणिय नमूना हो ।

आजको विश्वमा बुद्ध धर्म अत्याधिक रुचाइएको छ, यसलाई अवलम्वन गर्नेहरू दिनानुदिन बढिनै रहेको छ । पाश्चात्य देशहरूमा पनि यस सिद्धान्तहरूको अध्ययन, अनुसन्धान र अनुशरण बढ्दो छ । मानसिक विकाससंग बुद्ध धर्मको सकारात्मक सम्वन्ध नै यसको मूल कारण हो । यसैको कारण बुद्ध धर्म विश्वमा निरन्तर रुपमा अगाडि बढिरहेको छ र बढिनै रहने छ ।

*(Source: **'Lumbini'** Vol. 18, B.E. 2559, May 2015)*

## हानं छक्वः जन्म काःवा

✍ कृष्ण किपूमि

*थनिं नीन्यादो व चानचुन दँ न्ह्यो*
*जुजु शुद्धोधनया काय् ।*
*राजकुमार जुया जन्म कयाः*
*मां अबु काय् कलाःयात व*
*राजपात त्याग यानाः*
*जगत उद्धार याय्गु लक्ष ज्वनाः*
*देश विदेश चाःहिलाः*
*जन जनयात दुनुगःतक ध्वाथुईक*
*अमूल्यगु ज्ञान बियाः*
*क्यनावंगु शान्तिया लँपु*
*गनवनाः सुलाच्वन*
*माला स्वया स्वया थासय्*
*क्रान्तिया मिप्वाः जक खना*
*अचेत जुयाः चेतना तंका च्वंपिं*
*प्राणीपिन्त चेतना बिईन*
*बाँलानाः नं हिसी दुगु*
*न्ह्याइपुयाःनं यइपुगु*
*सुख शान्तिया थीगु लंपु तंके मबील*
*हानं छक जन्म काः वा*
*शान्तिवादी बुद्ध जुयाः ।*

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) करूणा पुचः, काठमाडौं – रू. ३६००/- तथा भोजन प्रदान ।
२) बिकाश चन्द्र शाक्य, बनेपा – रू. ३०००/-
३) केश चन्द्र शाक्य, बनेपा – रू. १५००/-
४) पंकज प्रधान, भैसेपाटी, ल.पु. – रू. ५०५/-
५) निकिता रावल रू. – ५०५/-
६) तीर्थतारा तुलाधर, कालिकास्थान – रू. ५०५/-
७) राकेश शाक्य, बनेपा – रू. ५००/-
८) बुध्द भक्त रञ्जित, बनेपा – रू. ५००/-
९) प्रेमज्योती शाक्य, बनेपा – रू. ५००/-
१०) गंगा देवी कंसाकार – रू. १५०/-
११) पुरुषोत्तम, अमिता तुलाधर, असन – रू. १०५/-
१२) माणिक ज्योती कंसाकार – रू. १००/-
१३) सिता महर्जन, ताहाचल – रू. १००/-
१४) राधा अधिकारी ताहाचल – रू. १००/-
१५) रुप हेरा ताम्राकार, कुलेश्वर – रू. १००/-
१६) सूर्यतारा श्रेष्ठ, मखन टोल – रू. १००/-
१७) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान

❀ **आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :**

१८) राहुल तुलाधर, नक्साल आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/-
१९) श्रावस्ती तुलाधर, नक्साल आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/-

✿ **हीन काम नगर, लापरवाही नहोऊ, मिथ्याधारणामा नफस, सांसारिक वासनाका कामना नबढाउ ।**

✿ **उठ, बेहोशी नहोऊ, सद्धर्मको आचरण गर, धार्मिक इमान्दारी पुरुषहरू संधै सुखपूर्वक जीवन बिताउँछन् ।**

*– बुद्ध उपदेशहरू*



Downloaded from http://www.dhamma.digital

# विपत्ति नं प्रकृतिया हे नियम खः

✍ सुनिता मानन्धर

इलय् ब्यलय् थायथासय् प्रलय जुयाच्वंगु दु । प्रलयनं विकसित देय् वा अविकसित देय् धाइ मखु । जापान अतिनं विकसित देय् खः । अय्नं अन सुनामी भुखाचं दुःख बिउ । नकितिनि हे भ्गीगु देशय् नं तः भुखाय् ब्वल । उकिं यक्व हे धनजनया क्षति जुल । भुखाचं जक मखु, लः, मि व फसं नं उलि हे दुःख बिउ । गबले तच्वकं खुसिबाः वयाः गां शहर चुइका यंकूगु दु । गबले मि च्यानाः गां शहर हे ध्वस्त याना बिउगु दु । थुकथंया घटना जुइगु प्रलय हे खः । प्रलय थौं व म्हिगः जक जूगु मखु । थ्व पृथ्वीया उत्पत्तिकालंनिसें जुया वयाच्वंगु दु । आचार्य बुद्धघोषकृत विशुद्धिमार्ग बौद्ध ग्रन्थय् नं प्रलयया खँ न्ह्यथनातःगु दु । थुकिं स्वगू कथं प्रलय जुइगु खँ उलातःगु दु । गुगु अग्नि प्रलय, जल प्रलय वा वायु प्रलय खः । थुकथंया प्रलय जुइगु इलय् दँ दँ जक मखु । कल्पं कल्प तक नं संसारय् छुं उत्पत्ति जुइ मखु । थुकिं पृथ्वीइ अनिकाल सृजना याना बी ।

इलय् ब्यलय् थीथी देशय् अतिंबृष्टि व अनाबृष्टि नं जू । थुगु इलय् देशय् अकालं थाय् काइ । अन अन्न बाली सइ मखु । मनूत नये त्वने मखनाः सिना वनी । थुकथंया अकाल बुद्धकालय् नं जूगु खः । बौद्ध ग्रन्थ 'बुद्धकालीन ब्राम्हण (ब्व ३) दुने थुगु खँ न्ह्यथना तःगु दु । थुकिं बेरञ्जय् दुर्भिक्ष (अकाल) जूगु खँ धयातःगु दु । छगू इलय बेरञ्जय् अकाल जुल । सकसितं स्वाये तकं थाकुल । गुलिं सिनावन । सीपिनि क्वँय उखेंथुखें खने दत । थुगु इलय् मनूतय्सं रासनकार्डं (शलाकं) जीवन हने माल । उकिं भिक्षाटन जीवन हने नं तसकं थाकुल । तथागत बुद्धं तकं छपासः जाकि व तछ्वं जीवन हनेमाल ।

अथेला अतिवृष्टि व अनावृष्टि जुइगु नं कारण दु । बुद्धकालय् राजगृह नगरय् नं छकः अनावृष्टि जूगु खः । सुभूति जेतवन विहारय् प्रवजित जुयाविज्याःगु खः । छन्हु वसपोल धर्मप्रचार याः बिज्यात । थुगु भ्वलय् वसपोल राजगृह नगरय् थ्यन । अन जुजु बिम्बिसारं वसपोलयात अन हे च्वनाबिज्यायेत इनाप यात वसपोल नं जुजुया इनापयात स्वीकार याना बिज्यात । अनंलि वसपोल खुल्ला सर्गः या क्वसं विहार यानाविज्यात । थुकिं यानाः देशय् अनावृष्टि जुल । लिपा थुगु खँ जुजुं सिल । अले वसपोलयात पर्णकुटी दयेकाः दान बिल । वसपोल पर्णकुटी दुहां बिज्यायेवं छफुति निफुति जुजुं वा वल ।

थ्व लोकय् संवर्त व विवर्त जुइगु खँ अग्गञ्ञ सुत्तय् न्ह्यथनातःगु दु । थुगु सुत्त बुद्धवचन त्रिपिटकया सुत्तपिटकया न्हापांगु निकाय ग्रन्थ 'दीर्घनिकाय' दुने दु । ताः ई पुलेवं थ्व लोकय् थज्याःगु ई नं वइ गबलय् लोकय् प्रलय जुइ । प्रलय वयेवं लोकया सत्वपिं आभाश्वर लोकय् जन्म जूवनी अन दीर्घकाल बिते याई । हानं कल्पं कल्प लिपा थज्याःगु ई नं वइ । उगु इलय् लोकय् विवर्त जुइ । सत्वपिं आभाश्वरं च्यूत जुइ । थुगु लोकय् जन्म काः वइ ।

दकलय् न्हापांगु इलय् लोक लखं जाइ । छचालं खिउँसे च्वनी । चन्द्रसूर्य खने दइ मखु । तारा नक्षत्र नं खने दइ मखु । न्हि व चा उथें जुइ । ऋतु नं ब्वथली मखु । थुगु इलय् लः रसयुक्त जुयाः धीचिनी । अबलय् लोकय् जन्म काःवःपिं लोभीपिं नं दइ । उमिसं पतिचां पृथ्वीया रसया सवाः काइ । थुकिं वया म्ह रश्वादं अनं तृष्णा ब्वलनी ।

अनं लिपां हानं सत्वं पासः पासः यायां रस त्वनी । थुगु इलय् पृथ्वी चन्द्र सूर्य खने दइ । तारा नक्षत्र खने दयावइ । न्हि व चां ब्वथली । ऋतु हिली । रसया कारणं सत्व लिपा नं लोकय् हिउपाः वयाच्वनी । भूमिइ पर्वत रस दया वइ । भद्रलता दया वइ । थ्व तना वनाः शुद्धगु जाकि प्रादुर्भाव जुइ । सुथय्या लागिं सुथय् सःगु जाकिया जा नइ । बहनीया लागिं सुथय् सःगु जाकिया जा नइ । थुकथं ताःई बिते याइ । अन लिपा सत्वपिनि दथुइ राग ब्वलनी । थुकिं याना मिसा मिजं खने दइ । परिवारया सृजना जुइ । परिवार दयेवं व्यक्तिगत सम्पत्ति मुनेगु याइ । खुइगु ल्वायेगु, मखुगु खँ ल्हायेगु थेंज्याःगु ज्याखँ कथं वर्णयात ब्वथलेगु ज्या जुइ । थुगु सकतां खँ श्रामणेर वशिष्ठयात तथागत बुद्धं कनाबिज्याःगु खः थुकथं प्रलय व संवर्त जुइगुयात नियति कथं कायेफु । थुगुसी भ्गीगु देशय् ब्वःगु तः भुखाय नं प्रलय हे खः । थुकिं यक्व हे धनजन नष्ट याना बिल । द्वलंद्वः सिना वन । सलंसः



Downloaded from http://www.dhamma.digital

मनूत घाःपा जुल । जन्तु जनावरत सीगु ल्याःचा हे मदु । सीपिं ला सिना वन, म्वाःपिं तकं मानसिक ल्वचं कयेकाः च्वने माल । भुखाय्‌या ग्याःचिकु पह काकां गुलिं हृदयघात जुयाः सिनावन । गुलिं थौतक वहे भुखाय्‌या त्रास मनय् घानाः म्वानाच्वन खयतला बुद्ध शिक्षायात बांलाक थूपिं थुकथंया घटनां ग्याइ मखु धइगु खँ निग्रोध स्थविरया धापुतिं क्यं । वसपोल श्रावस्तीयाम्ह खः ब्राम्हणकुलय् जन्म जूगु खः । छन्हु बुद्धानुभावयात खंकाः प्रवजित जुया बिज्यात । विपश्यना ध्यान च्वनाः अर्हत मार्ग लाभ यानाबिज्यात । अर्हत जुयाबिज्याये धुंकाः वसपोलं थुगु गाथा धयाबिज्याःगु खः -जि ग्याये माः गुयात खंकाः मग्याना । जिम्ह शास्ता अमृतया कोविद खः गुगु कि ग्याये माःगु थाय् धयागु मदु । थुकथं बुद्धशिक्षायात उला स्वयेगु इलय् लोकय् संवर्त व विवर्त जुया हे च्वनी । थ्व प्रकृतिया नियम हे खः थन नित्य छुं मदु । सकतां अनित्य खः । थुकियात ध्वाथुइकाः न्ह्यायेगु हे जीवनयात बांलाकः न्ह्याकेगु खः ।

❖

## मां म्हसीके


✍ **लेलिन शाक्य**

*न्हयाक्व तिफ्या न्हयाय् मदुगु*
*दयाया सागर खः मां*
*न्ह्याक्व काःसां गुबलें मफुइगु*
*विशाल मायाया खानी खः मां*

*स्थीर जुयाः दना च्वनीगु*
*तजाःगु स्नेहया पहाड खःमां*
*वाफय् वःसां भुखाय् ब्वःसां*
*चलः मवनीगु बँ खः मां*

*न्ह्याबलें स्वःसां उतिं जाःगु*
*अनन्त करूणाया भण्डार खः मां*
*नां जक काःसां च्वछाय्‌त गाःगु*
*अजू चायापुगु आधार खः मां*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*बि.सं. १९८१ पौष १० गते*

*दिवंगत :*
*बि.सं. २०७२ चैत्र २ गते*
*मंगलवार*

## **दिवंगत बुद्ध कुमार मानन्धर**, वाफल

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **बुद्ध कुमार मानन्धर**, वाफल (सदस्यता क्र.सं. ७८७) चैत्र २ गते मंगलवारका दिन दिवंगत हुनुभयो । धर्मकीर्ति पत्रिका परिवारबाट उहाँको सद्‌गति एवं निर्वाण सुखको हेतु प्राप्तिका लागि कामना गर्दै पुण्यानुमोदन गरिएको छ । साथै यस दुःखद् घडीमा उहाँको परिवारले संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) लाई बुझी धैर्य धारण गर्न सकुन् भनी कामना पनि गरिएको छ ।

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार, श्रीघः, नघः, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# अल्पकालिन गुरूमां प्रव्रज्या

✍ लक्ष्मी हीरा स्थापित
सानो भऱ्याङ्ग

जि धर्मकीर्ति विहारे बुद्ध पूजा वनावले बुद्धपूजा लिपा केशावती गुरूमांनं छगू सूचं न्यंका विज्यात। भिक्षुणी धम्मवती गुरूमांया ८२ औं जन्म दिनया उपलक्ष कयाः ७ न्हु तक कुशी नगरे वनाः गुरूमां व ऋषिनी प्रव्रजित याय्‌गु न्यंका विज्यात। जितः नं गुरूमां प्रव्रज्या जुइगु इच्छा जुल। छाय्‌ धाःसा व दुःखं मुक्त जुइगु लागि हेतु जुइमा हानं मेगू छगू कारण जिमि मां (मायादेवी) दनिवले मांया नं गुरूमां जुइगु इच्छा तर कारण वस जिं पुरा याना बी मफुगुलिं खः। थ्व जिं यानागु पुण्यं जिमि मांयात नं वनेमा धकाः आशिका याना।

जिपिं थ्वहे २०७२ फागुन १२ गते सुथे साढे चार वजे संघाराम विहार पिने बसे च्वंवना। ५ वजे बस न्ह्यात। लँ तापाः अले ३ घण्टा जामे लाःगुलिं वहनी ९.४५ वजे कुशीनगर थ्यन। जिपिं जापान श्रीलंका विहारे च्वना। अन विहारे जिपिं च्वंनेत खाता लासा आदी फुकं व्यवस्था दु। थन च्वतले छैं थें हे याउँक च्वना। जिपिं वनापिं छगः वस जक खः। गुरूमांपि प्यम्ह दु। केशावती, पञ्ञावती, क्षान्तिवती व सुचिता गुरूमांपिं खः। अले धर्मपासापिं सकलें ३३ म्ह दु।

कन्हे सुथे १३ गते जलपान धुंकाः ८-९ वजे सं चायगु शुरू जुल। सँ प्याका वयाः सँ चाय्‌ त्यनाबले जिगु पलाः लिहाँ वन। दोमन जुया वल। तर छैं निसें अधिष्ठान याना वयागुलिं पुरे याना। पञ्ञावती गुरूमांनं केशा लोमा ब्वनाः सँ खाका विज्यात। रङ्ग छिनाः वाँलाका तयागु चानातःगु सँ खँवले घृणा जुया वल। मो ल्हुयाः न्हाय्‌कं स्वयावले थःगु रूप मेगु थें ताल थःत थःम्हं म्ह मसिल।

जिपिं प्रव्रज्या जुयापिं मध्ये २ श्रामणेर व न्याम्ह गुरूमां अले २६ म्ह ऋषिनी जूपिं दु। गुरूमां नं वस : लःल्हाना विज्यात। सकसिनं चीवर कयाः हःले वना। अले जिगु नां मुदितावती धकाः पञ्ञावती गुरूमां नं धया विज्यात। थन हे विहारे च्वना बिज्याम्ह श्रीलंकायाम्ह भिक्षु अस्सजित थेरो महास्थविर पाखें दश शील विया विज्यात। चीवर पुनाः शील काय्‌ धुंकाः जिगु म्ह तस्सकं हलुका जुयाः मन आनन्द जुल।

भोजन धुंकाः भचा आराम कयाः २ वजे जिपिं बुद्ध परिनिर्वाण मूर्ति स्वःवना। जिपिं निम्ह, निम्ह लाइने च्वना वना। थन विहारं १० मिनेट ति वनेमाः। थन कुशीनगरया ध्वाकां दुहाँ वँसांनिसें विदेशीत पुचः पुचः मुनाः प्रार्थना यानाच्वन। जिपिं बुद्धया परिनिवार्ण मूर्ति स्वःवना। बुद्धया मूर्ति खंबले नुगः खुल्ल मिना वल। नकतिनि हे जक निर्वाण जू थें ताल। महापरिनिर्वाण सुत्रयागु खँ लुमनाः झन हे भावुक जुल। निर्वाण बुद्ध मूर्तिया छ्यौं पाखे, मध्य व तुति पाखें स्वय्‌वले स्वंगू रूप खने दु धागु खःगु हे जुयाच्वन। जिपिं थन १०-१५ मिनेट च्वनाः चाहिलाः भावना यानाः विहारे लिहाँ वना।

फागुन १४ गते बुद्धया अन्तिम अवस्थाय्‌ लः भपाः विज्यागु थाय्‌ स्वय्‌त वना। अन बुद्धया मूर्ति दु। मूर्तिया न्ह्योने ६-७ फीट तःजाः गाः छगाः दु। बुद्धयात चाहिले छिं चाहिला। अनं हानं निर्वाण मूर्ति वनाः चाहिलाः विहार लिहाँ वया। १५ गते खुनु बुद्धया अन्तिम भोजन दान कया विज्याथाय्‌ स्वःवना। थन चुन्द सुकरिक. फायागु ला तयाः भोजन दान याःगु थाय्‌। तर थन स्वय्‌गु छुं नं मदु भग्नावशेष जक दु। थन दान कया विज्यानाः भोजन भपाः विज्याःगु थाय्‌ नं स्वःवना। तर थन छुं हे मदु शिलापत्र च्वया तःगु दु अले वार वार तया तल।

१६ गते सुथे ८वजे भगवान्‌ बुद्धयागु पार्थिव शरीर दाह संस्कार याःथाय्‌ स्वःवना। अन तःधंगु गोलाकार तः जायक अप्पां दनातःगु दु। थन नं विदेशीत यक्को हे वया च्वं। गुरूमांपिंस थन अनिच्चावत संखारा" ब्वना विज्यात। लिंहाँ वयाः थ्व हे दिने न्हिनय्‌ २ वजे निर्वाण मूर्ति चीवर छाय्‌त वना। ढोकां दुहा वनेवं हे केशावती गुरूमां नं चीवर लिकयाः दक्वसितं ज्वंकाः इतिपिसो भगवा अरहं ब्वनाः स्वचाः चाहुलाः बुद्धया मूर्तियात छाया बिया। चीवर तःधं जूगुलिं बुद्ध मूर्ति छगूलिं त्वपू। भतीचा च्वनाः फोटो कयाः चाहिलाः विहारे लिहाँ वया।

१७ गते सुथे भिक्षु अनिरूद्ध महास्थविरं भन्तेनं बुद्ध गयांनिसें हयाः पिना विज्याःगु बोधि वृक्षमा स्वः वना। अन बोधिवृक्ष सिमा क्वे बुद्ध मूर्ति दु। छचाखेरं तयूगु मार्वल तयातःगुलिं सफाः जुयाः सिचुस्य च्वं। अन



Downloaded from http://www.dhamma.digital

हानं भारतयाम्ह गुरूमां छम्ह नापलाना: नेपालं व:पिं धया: तस्सकं श्रद्धा तया: जिपिं फुकसित वयागु विहारे ब्वना यंकल । अन गुरूमांनं दयका विज्यागु विहार जुयाच्वन । भगवान् बुद्धया मूर्तिनं दु । बुद्धपूजा याना । चियापान याना विहारे तुं, लिहां वया । विहारे थ्यंका: दक्कोसित वस: फेरे याकल । अले पञ्चशील बिया बिज्यात ।

न्हिंन्हिं सुथे ६वजे ह:लय् वना: बुद्ध पूजा धर्मदेशना ज्वी । सात वजे जलपान वहनी नं ६ वजे निसें महापरित्राण पाठ ज्वी, भावना ज्वी । १७ गते बहनी नं महापरित्राण पाठ धुंका: क्वचाल । अले दान प्रदान नं याना । अले थन च्वना बिज्या:म्ह श्री लंकायाम्ह अस्सजित भन्ते नं अस्थि धातु क्यना बिज्यात ।

केशावती गुरूमां व मेपिं गुरूमापिं प्यम्हसिनं त:सकं माया दया तया विज्या: । भोजन बले जलपान बले नं दक्वसिनं बांलाक न: मन: सो बिज्याई । गुरूमां पिनिगु करूणां जिपिं वनापिंत च्वनेगु नय्‌गु व्यवस्था बांलाक याना बिज्यात । इलेहे खानांनिसें कया: बुद्धपूजा, ध्यान आदि ता: लाका ब्यूपिं सकसितं साधुवाद दु ।

प्यन्हु हे जक जूसां जिं बुद्धया शासनय् दुथ्याके दुगु जिगु लागि त:धंगु उपलब्धि ख: । हानं नं मौका मिले जूसा म्हं फुसा थज्या:गु ज्या यायेगु इच्छा दु । इच्छा पूरा याय् फय्‌मा । ॥भवतु सब्ब मंगलं ॥

**धर्मप्रचार समाचार**

## मैत्री बोधिसत्त्व महाविहारमा बुद्धपूजा र धर्मदेशना

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*
*ने.सं. ११११६, चिल्लाथ्व अष्टमी*
*वि.सं. २०७२ चैत्र ३ गते ।*

यसदिन मैत्री बोधिसत्त्व महाविहार जमलमा वीर्यवती गुरूमांले बुद्धपूजा सञ्चालन गर्नुभई धर्मदेशना गर्नु भएको थियो । धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहबाट ज्ञानमाला भजन प्रस्तुत गरिएको उक्त कार्यक्रममा उपासिका समूह (दानकेशरी शाक्य मथुरा शाक्य, चिनीया देबी शाक्य, हरीवदन शाक्य र कमलशोभा तुलाधर) बाट जलपान प्रायोजन गर्नुभई पुण्य सञ्चय गर्नु भएका थिए ।

उपासिका समूहबाट धर्मकीर्ति ज्ञानमालालाई रू. १०००।- चन्दा सहयोग प्रदान गरिएको थियो ।

# हे मन

**✍ प्रेम लक्ष्मी तुलाधर**
न्यत

*हे मन ! छं गुबलें नं दु:ख तायमते*
*दु:ख जुल धका: भभ: न्हुइमते*
*बुद्ध बचनं थासय् तयाबी भभ:न्हूगु मन*

*दु:ख जुल धका: ख्वया जुइमते*
*दु:ख जुल धका: मन हिईके नं मते*
*बुद्ध ज्ञानं सिथुइकाबी मलम जुया हियूगु मन*

*दु:ख जुल धका: अनवने थनवने याय्‌मते*
*दु:ख जुल धका: दाह जुइ नं मते*
*बुद्ध रश्मिं ख्वाउँकाबी पूगु मन*

*दु:ख जुल धका गथेयाय् धाय्‌मते ।*
*दु:ख जुल धका: उकुसमुकुस नं ज्वीमते*
*बुद्धया किचलं तंकाबी उकुसमुकुस मन*

*दु:ख जुल धका: पिने पिने भगवान माला ज्वीमते*
*दु:ख जुल धका: चिच्चा: दंका हाला ज्वी नं मते*
*बुद्धया शिक्षां शान्तयानाबी चिच्चाय् दंगुमन*

*लुयावई अले भगवान पिने मखु थ:गु हे नुगले*
*न्हायकं थें छर्लङ्ग ज्वी बुलुगु नुगले*
*थुयावै अले दु:खया मूल हेतु ।*

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| २०७२ फागुन | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ गते, सोमवार, संक्रान्ति | त्यागवती | पञ्ञावती |
| ३ गते, बुधवार, अष्टमी | शुभवती | वीर्यवती |
| १० गते, बुधवार, होलि पुन्हि | अमता | धम्मवती |
| १८ गते, विहिवार, अष्टमी | क्षान्तिवती | धम्मवती |
| २५ गते, विहिवार | अमता | केशावती |



Downloaded from http://www.dhamma.digital

# [Chapter 2.
# The Teaching of the Gods]



Secretly, the king called prince Goodspeaker and Prince Moon to him. He told them of the queen's dangerous desire. He sadly said that the only safe thing for them to do was to leave the kingdom. They should return only after their father's death, and take their rightful places ruling the kingdom. The two obedient princes accepted their father's order and prepared to leave.

In a few days they were ready. They said their sad good-byes to their father and friends, and left the palace. On their way throught the royal gardens, they came upon prince Sun. He had always been very affectionate and friendly towards his two older half-brothers. He was upset to hear that were leaving for a  very long time. So he decided that he too would leave the kingdom. The three friendly princes departed together.

For several months they traveled, until they reached the forest country of the mighty Himalayas. They were very tired and sat down under a tree. The oldest brother, Prince Goodspeaker, said to the youngest, Prince sun, Please go down to the nearby lake and fill some lotus leaves with water. Bring them back here so we all can drink."

They did not know that the beautiful dark blue lake. was possessed by a water demon! He was permitted by his demon ruler to eat any beings that he could convince to go into the water. There was also one condition. He could not eat anyone who knew the answer to the question, "what is the teaching of the gods?"

When Prince Sun arrived at the shore of the lake, being dry and dirty and tired, he went directly into the water without any investigation. Suddenly the water demon rose up from under the water and captured him. He asked him, " What is the teaching of the gods ?" Prince Sun said, "I know the



Downloaded from http://www.dhamma.digital

answer to that! The sun and the moon are the teachings of the gods." You don't know the teaching of the gods, so you belong to me!", said the water demon. Then he pulled Prince Sun under the water and locked him up in a deep cave.

Since Prince Sun was delayed, Prince Goodspeaker asked the second brother, Prince Moon, to go down to the lake and bring back water in lotus leaves. When he got there, he too went directly into the water without examining. Again the water demon appeared, grabbed him, and asked, "What is the teaching of the gods?" Prince Moon said, "I know the answer to that! The four directions - North, East, South and West - these are the teaching of the gods." " you don't know the teaching of the gods, so you belong to me!",replied the water demon. Then he locked up prince Moon in the same underwater cave With prince Sun.

When both his brothers did not return, Prince Goodspeaker began to worry that they might be in some danger. So he himself went down to the beautiful dark blue lake. As he was a wise and careful person, he did not go directly into the water. Instead, he investigated and saw that there were two sets of footprints leading into the lake -but not coming out again! To protect himself, he got his sword and bow and arrows ready. He began to walk aroung the lake.

Seeing that this prince did not go straight into the lake, the water demon appeared to him disguised as a humble villager. He said to him, " My dear friend, you look tired and dirty from much walking. Why don't you get into the water and bathe, drink, and eat some lotus roots?"

Remembering the one-way footprints, Prince Goodspeaker said, "you must be some kind of demon disguised as a human! What have you done with my brothers?" Surprised at being recognized So quickly, the water demon returned to his true ferocious appearance. He replied to the wise prince, " By my rights, I have captured your brohters!"

The prince asked, "For what reason?" " So that soon I can gobble them up!, the demon answered, "I have permission from my demon ruler to eat all those who go into this lake who do not know the teaching of the gods. If anyone does know the teaching of the gods, I an not allowed to eat him."

The Prince asked, "Why do you need to know this? What is the advantage to a demon like you, to know the teaching of the gods?" The water demon replied, "I know the teaching of the gods?" The water demom replied, " I know there must be some advantage to me." " Then I will tell you what the gods teach," said Prince Goodspeaker, "but I have a problem. Look at me. I am covered with dust and dirt from traveling. I cannot speak about wise teachings in this condition."

By now, the water demon realized that this prince was especially wise. So he washed and and refreshed him. He gave him water to drink from lotus leaves lotus roots to eat. He prepared a comfortable seat for him, decorated with pretty wildflowers. After laying aside his sword and bow and arrows, the Enlightenment Being sat on the adorned seat. The ferocious demon sat by his feet, just like a student listening to a respected teacher.

Prince Goodspeaker said, " This is the teaching of the gods:

*to be continue ... ...*

*(Source-'Buddhist Tales for Young and Old' Vol-1, Stories 1-50 Prince Goodspeaker)*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

### विषय- बौद्ध इतिहासको श्रोत

*प्रस्तुती- अमीर कुमारी शाक्य*

यसदिन बौद्ध विद्वान त्रिरत्न मानन्धरले बौद्ध इतिहासको श्रोत विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

अतीतको अध्ययनलाई नै इतिहास भनिन्छ । तर इतिहास बन्नको लागि उक्त कुराको श्रोत हुनु पनि अत्यावश्यक छ। भगवान् बुद्ध एक ऐतिहासिक व्यक्तित्त्व हुनुहुन्छ । बुद्धधर्म ऐतिहासिक हुनुको पछाडि ७ वटा कारणहरूछन्– ती यसरी रहेका छन्–

१) अभिलेख २) सिक्का ३) भ्रमण दायरी ४) साहित्य ५) स्मारक ६) पुरातात्त्विक स्थल ७) वंशावली ।

कागजको उत्पत्ति हुनु अगाडि मानिसहरूले इतिहासको रूपमा शिलापत्र, धातुपत्र, काष्ठलेख, ताडपत्र, आदिमा अक्षर कोरिएको हुन्छ ।

सम्राट अशोकले पूर्व, पश्चिम, उत्तर र दक्षिण चारौं दिशामा विभिन्न देशहरूमा बुद्ध धर्म प्रचारार्थ धर्म प्रचारकहरू खटाएका थिए। ८४ हजार चैत्यहरू स्थापना गरी शिलालेखहरू ठडाएका थिए । प्रमाणको रूपमा आजसम्म पनि लुम्बिनीको अशोक स्तम्भ हाम्रो सामु रहेको छ । यसको कारणले भगवान् बुद्ध नेपालमा जन्मनुभएको प्रमाण पुष्टि भएको छ । त्यसैले अभिलेखहरू नै इतिहासको श्रोत हुन् ।

यसरी नै विभिन्न समयमा राज्य शासन चलाएर गएका राजाहरूले पनि सिक्का निकाल्दा एकतर्फ आफ्नो नाम अर्कोतर्फ बुद्धमूर्ति राखी निकाल्ने गरेको देखिन्छ। यो पनि इतिहासको श्रोत नै हो ।

कोही पनि मानिस भ्रमणको लागि निस्कने बेलामा आफ्नो डायरीमा भ्रमण विवरण लेख्ने बानी हुन्छ । ती मध्ये बौद्ध इतिहासको श्रोतको रूपमा भ्रमण डायरी लेख्ने बानी भएका ३ जना व्यक्तिहरू छन् । उनीहरू यसरी छन्–

१) फाहियान (ई.सं. ३३७–४२२) ।

२) ह्वेनसान (ई.सं. ६०२–६६४) ।

३) इत्सिङ्ग ।

यिनीहरू ३ जना थेरवादको माष्टरको रूपमा लिने गरेको छ । यिनीहरू ३ जनाको २५ वर्षिय भ्रमण डायरीले बुद्ध धर्मको इतिहासको महत्त्वपूर्ण श्रोतको रूपमा सहयोग गरेको छ। यी ३ जना चीनका ठूला भिक्षुहरू हुन् ।

साहित्य पनि इतिहासको श्रोत हो । बुद्ध धर्मको सबभन्दा महत्वपूर्ण साहित्य भनेको नै पालि साहित्य हो । यस पालि साहित्यमा बुद्धको महान ग्रन्थ त्रिपिटक रहेको छ । अन्य साहित्यले पनि बुद्ध धर्मको श्रोत बनी सहयोग गरिरहेको छ। ती यसरी छन्– सँस्कृत, अंग्रेजी, हिन्दी, नेपाली र नेपाल भाषा आदि ।

यसरी नै पुरातात्विक स्थल लुम्बिनी स्मारकको रूपमा बौद्ध मन्दिरहरू, चैत्यहरू मध्ये स्वयम्भू चैत्य, श्रीघः चैत्य आदि सबै बौद्ध धर्मको इतिहासको श्रोत हुन् । वंशावलीको रूपमा स्वयम्भू पुराण हामी सामु रहेको छ। तर नेपालको वंशावलीहरूमा फरक फरक घटनाहरू उल्लेख गरिएको हुनाले यसलाई त्यति मान्यता दिएको देखिंदैन । श्रीलंका, म्यानमार र थाइलैण्डको वंशावलीलाई भने मान्यता दिइएको छ । उदाहरणको लागि म्यानमारको शासन वंश, थाइलैण्डको संगितीय वंश आदि ।

यसरी नै बौद्ध इतिहासको श्रोतहरू भएको कारणले बुद्ध धर्म ऐतिहासिक हो र बुद्ध एक आधिकारिक व्यक्ति हुनुहुन्छ भन्ने कुरा प्रमाणित भइरहेको छ ।

> “जसले हात, पाउ र बोली वचनमा संयम गरेको छ, जसको चित्त अध्यात्ममा राम्ररी लागेको छ, जो समाधियुक्त तथा सन्तुष्ट भै एकान्तमा बस्छ, उसैलाई भिक्षु भन्दछ ।”
>
> - धम्मपद



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४४ औं वार्षिक साधारण सभा

*२०७२ चैत्र १३ गते, शनिवार*
*स्थान- बुद्ध विहार, विशाल नगर, काठमाडौं*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४४ औं वार्षिक साधारण सभा सम्पन्न गरिएको छ । कार्यक्रमको प्रथम चरण इन्द्रकुमार नकर्मीले सञ्चालन गर्नुभएको थियो । नरः बुद्ध विहारको प्रमुख भिक्षु पुण्णले स्वागत भाषण गरी शुरु गरिएको उक्त कार्यक्रममा विहारका महासचिव श्यामलाल चित्रकारले "नरलय् बुद्ध धर्म" विषयक प्रवचन दिनुभएको थियो । यसरी नै उक्त कार्यक्रममा "अध्ययन गोष्ठीया शनिवारिय कक्षा – व्यवहारिक पक्ष व सुधार यायमाःगु पक्ष" विषयमा अन्तरक्रिया कार्यक्रम पनि सञ्चालन गरिएको थियो । यस कार्यक्रम गोष्ठीका सचिव लोचनतारा तुलाधरले सञ्चालन गर्नुभएको थियो भने इन्द्रकुमार नकर्मीले रिपोर्टिंग गर्नु भएको थियो । यस अन्तरक्रिया कार्यक्रममा सहभागीहरू मदनरत्न मानन्धर, रीना तुलाधर र उर्मिला ताम्राकार हुनुहुन्थ्यो ।

सभाको दोश्रो चरणको कार्यक्रम दिउँसो १ बजे सञ्चालन गरिएको थियो ।

अरूण सिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा लोचनतारा तुलाधरले स्वागत गर्नुभएको थियो । संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्य एवं भिक्षुणी धम्मवतीको सभापतित्त्वमा सञ्चालित उक्त कार्यक्रममा लोचनतारा तुलाधरले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुभएको थियो भने श्यामलाल चित्रकारले आर्थिक प्रतिवेदन एवं शनिवारिय कक्षाको प्रतिवेदन पेश गर्नुभएको थियो। यसरीनै भिक्षुणी इन्दावतीले अल्पकालिन प्रव्रज्या शिविरको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

उक्त सभामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूलाई उहाँहरूको विशेष योग्यतालाई कदर गरी भिक्षुणी धम्मवतीबाट खादा ओढाई सम्मान गरिएको कारण सहितको विवरण तल उल्लेख गरिएको छ ।

| क्र. सं. | सम्मानित व्यक्ति | सम्मान गरिएको कारण |
|---|---|---|
| १ | मदनरत्न मानन्धर | धम्म विजय पदनम, गण महाविहारबाट सम्मानित भएको |
| २ | दुर्गा रेग्मी | लुम्बिनी बौद्ध विश्व विद्यालय थेरवाद बुद्धिष्ट एकेडेमीबाट बुद्ध शिक्षा विषयमा स्नातकोत्तर परीक्षामा उत्तिर्ण हुन सफल |
| ३ | अम्बिका श्रेष्ठ | " " |
| ४ | दीना कंसाकार | " " |
| ५ | भिक्षुणी शुभवती | " " |
| ६ | भिक्षुणी क्षान्तीवती | " " |
| ७ | उष्णीषतारा तुलाधर | त्रिभुवन विश्व विद्यालयबाट बि.ए. परीक्षामा उतिर्ण हुन सफल |

नरः बुद्ध विहारमा प्रथम पटक वि.सं. २०७२ सालमा कथिन चीवर दान महोत्सव कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको कार्य प्रगती प्रतिवेदन पुस्तिका प्रकाशन गरी यस दिन श्रद्धेय भिक्षु अवश्वघोष महास्थविरबाट विमोचन गरिएको थियो ।

धर्मकीर्ति विहारका विभिन्न कार्यक्रमहरूमा दीर्घकाल देखि सेवारत रहनु भएका महानुभावलाई विशेष कदरपत्रले सम्मानित गरिएको थियो ।

तीमध्ये गत ३० वर्षदेखि रक्तदान कार्यक्रममा संयोजक भई योगदान पुऱ्याउनु हुने स्वयंम्भू रत्न तुलाधर लाई संघनायक भिक्षु अश्वघोष महास्थविरले उक्त विशेष कदरपत्र प्रदान गर्नुभएको थियो । उक्त विशेष कदरपत्र प्राप्त गर्नुहुने स्वयम्भूरत्न तुलाधरको परिचय तयार गर्नुहुने दीना कंसाकारले नै उक्त पत्र पढेर सुनाउनु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

सभामा विद्यासागर रञ्जितलाई संघनायक भिक्षु अश्वघोष महास्थविरले धर्मकीर्ति अश्वघोष सम्मान-पत्र प्रदान गर्नुभएको थियो भने अमीर कुमारी शाक्यलाई भिक्षुणी धम्मवतीले धर्मकीर्ति धम्मवती सम्मान प्रदान गर्नुभएको थियो ।

यही सिलसिलामा विद्या सागर रञ्जित र अमिर कुमारी शाक्यको परिचय क्रमशः सुमीत्रा तुलाधर र उर्मिला ताम्राकारले तयार पारी उहाँहरूले नै यस सम्मान-पत्र पढेर सुनाउनु भएको थियो । यी सम्मान पत्रहरूको प्रायोजक रीना तुलाधर बनिया हुनुहुन्थ्यो ।

कार्यक्रममा सम्मानित व्यक्तित्त्वहरूले आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए ।

नरः बुद्ध विहारको लागि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट उपाध्यक्ष भिक्षुणी इन्दावतीले नगद प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि धम्मानुशासक संघनायक भिक्षु अश्वघोष महास्थविर र सभापति भिक्षुणी धम्मवतीले ओवाद देशना गर्नुभका थिए ।

कार्यक्रमको अन्त्यमा गोष्ठीका सह-कोषाध्यक्ष रामकुमारी मानन्धरले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गरिएको थियो ।

यसदिन नरः बुद्ध विहारले नै भोजन प्रायोजन गरी पुण्य सञ्चय गरेको थियो ।


## भिंकाच्वना

**धर्मकीर्ति वर्ष-३३ अङ्क-११ या ल्यूनेया द्यबःलय् दिवंगत लानीदेवी तुलाधरया बुन्हि वि.सं. १९८९ ज्वीमाथाय् मेकथं जुयाच्वंगुलिं थुकी भिंकाच्वनागु जुल । – सं.**

**देवो वस्सतु कालेन सस्ससम्पत्ति हेतु च**
**फीतो भवतु लोको च राजा भवतु धम्मिको**

*अर्थ–* समय समयमा वर्षा होस् बालि नालि सफल होस् जनता समृद्ध होस् राजा (राज्य) धार्मिक होस् ।

## विपश्यना ध्यानगुरु सयादो ऊ पण्डिताभिवंश महास्थविर दिवंगत हुनुभयो



विपश्यना ध्यानगुरु म्यानमारका सयादो ऊ पण्डिताभिवंश महास्थविर ९६ वर्षको उमेरमा वैशाख ४ गते शनिवार नेपाली समय अनुसार विहान ६:१५ बजे दिवंगत हुनुभएको समाचार छ । श्वास प्रश्वासको समस्या उत्पन्न भई थाइलैण्ड स्थित बैंकककोे अस्पतालमा उहाँको स्वास्थ्योपचार भइरहेको थियो ।

बि.सं. २०४३ जेठ २३ गते शंखमूल स्थित अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र भवन शिलान्यास गर्नुभएका उहाँ भन्तेले उक्त ध्यानकेन्द्र सञ्चालनार्थ आवश्यकता अनुसार ध्यान गुरुहरू नियुक्त गर्नुहुन्थ्यो । उहाँ आफैं पनि वि.सं. २०७१ साल सम्म हरेक वर्ष नेपाल आउनुभई ध्यान शिविर सञ्चालन गरिरहनु भएको थियो ।

यसरी नै उहाँले बुद्ध जन्मभूमी लुम्बिनी नेपालमा पण्डिताराम ध्यान केन्द्र पनि स्थापना गर्नुभएको छ । हालसम्म उहाँले नेपालका १५ जना कुलपुत्र पुत्रीहरूलाई म्यानमार लगी बुद्ध शिक्षा अध्यापन एवं ध्यान अभ्यास गराई ध्यानगुरु तयार गर्ने कार्यमा लागिपर्नु भएको कुरा बुझिएको छ । यी १५ जनाको समूहबाट २ जना नेपाली शिष्यहरूले धम्माचरिय उत्तिर्ण गरिसक्नु भएको छ ।

सन् १९५१ देखि उहाँले युरोप, अमेरिका म्यानमार, नेपाल लगायत एशियाका थुप्रै देशहरूमा ध्यानकेन्द्र स्थापना गरी सतिपट्ठान विपश्यना भावनाका शिविरहरू निरन्तर सञ्चालन गरिरहनु भएको थियो ।

यही क्रममा नेपालमा पनि उहाँले वि.सं. २०४० सालमा ध्यानकुटी बनेपा र अक्षेश्वर महाविहार पुलचोकमा ध्यान शिविर सञ्चालन गर्नुभएको थियो ।

बैशाख ९ गते शुक्रवारका दिन म्यानमारको रंगुनमा उहाँको अन्त्येष्टि कार्य सम्पन्न भएको छ ।



Downloaded from http://www.dhamma.digital

*धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी छु दँ न्ह्यःनिसें बियावया च्वंगु "धमकीर्ति अश्वघोष सम्मान" व "धर्मकीर्ति धम्मवती सम्मान" सिरपा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी निरन्तर प्रत्यक्ष व अप्रत्यक्षरुपं निःस्वार्थ भावं योगदान बियाः च्वनादिम्ह मिजंम्ह सदस्य छम्हसित "धर्मकीर्ति अश्वघोष सम्मान व मिसा सदस्य छम्हसित धर्मकीर्ति धम्मवती सम्मान" लःल्हाइगु सिरपाः खः ।*

# बि.सं. २०७२ "धर्मकीर्ति अश्वघोष सम्मान" कयादीम्ह विद्यासागर रञ्जितया बःचाहाकःगु म्हसीका

✍ सुमित्रा मानन्धर

ने.सं. ११३६ चिल्लागा तृतिया अर्थात् (बि.सं. २०७२ चैत्र १३ गते शनिवा) नर, बुद्ध विहार, हाँडीगामय् जूगु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक भेलाय् भाजु विद्यासागर रञ्जित "धर्मकीर्ति अश्वघोष सम्मानं" सम्मानित जुया दिइगु खः ।

मां सुन्दरी रञ्जित व बाः कृष्ण रञ्जितया कोखँ यँ नघः त्वाःया क्वाःद्वँय् ने.सं. १०७६ कछलाथ्व पारु म्हपूजा कुनु जन्म जुयादीम्ह वय्कःया तिरिमय्जु इलेन श्रेष्ठ व म्ह्याय् सम्मेलिना लिसें दाजु छम्ह व तता छम्ह दु । थौंकन्हे वय्कः बुराँख्यः ढल्कोय् च्वंनादी ।

बि.सं. २०२८ सालं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना जुसांनिसें जिं नं अध्ययन गोष्ठी वनेगु बानी दु । उबले पुलांगु विहार तिनी । उबले निसें जिं बाँलाक म्ह्स्यू कथं वय्कः धर्मकीर्ति विहारे न्ह्याबलें झायाः माःमाःगु ग्वाहालियानाच्वना दिइगु जिं स्यू, खँ । जितः लुमं उबले मां गुणवती गुरुमांनं स्यना बिज्यागु पाउँ, भ्वंया स्वाँ, कःनिया स्वाँ कापतय् पेन्टिङ्ग याना टेबुल पोष्ट आदि दय्कागु सामान । उगुहे विहारे दुने हःलय् प्रदर्शन भेला जूबले जिंनं मेलाय् थःम्हं दय्कागु सामान मीगु ज्याय् च्वनागु खः । उगु मेलाया ब्यवस्था याय्त माःगु टेबुल, मेच, खिपः आदि व्यवस्थायाना बिइगु ज्या उप्पो वय्कलं यानाः अन सुइत छु छु आवश्यक जुल धाःसा वय्कयात धालकी माःगु सामान तुरुन्त हया बिइगु थ्व जितः लुमं । विहारे वनेबले तता केहेँपिन्त भगवान् शरण, थौं तता लिबात धाय्गु बानी खः वयकःया ।

धर्मकीर्ति विहार स्थापनाकालं निसें थौंतक दुजः जुयाः सक्रिय रुपं विहारे सेवा यानाच्वना दिल ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी गुलि पुलांम्ह दुजः धैगु वय्कःया सदस्यतां नं सिइफु । वय्कःया सदस्यता नं. खः ४ । वय्कः छम्ह कलाकार नँ ख धैगु इलेब्यले विहार पाखें प्रस्तुत जुइगु छगू निगू नाटकय् कलाकारया भूमिका म्हिता दीगुलिं सीदु । अथेतुं उबले वार्षिक भेला जुइबले पासापिं मुंका ख्यालिकुं न्यंकाः ई वंगु मचाय्का नं बिई ।

धर्मकीर्ति विहारे बुद्ध पूजा भजन प्रस्तुत जुइबले माःगु तक ज्याय् विशेषयानाः प्राविधिक ज्याय् (माइक सिष्टम, मत, लः आदि) ब्यवस्था यानाबी । विहारे छुं कथंया समस्या जुल धाःसां धम्मवती गुरुमांनं का बिद्यासागर सःतिले धया बिज्याई । न्ह्योने वय्कः मदीसां ब्वया हे वलला थें च्वंक त्वाक्क न्ह्योने क्यनी । उलिजक मखु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजः दय्क्यगु ज्याय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी पाखें जुइगु हाजिर जवाफ प्रतियोगिता जुइबले नं सक्रिय जुयाच्वनी ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया मू उद्देश्य कथं गाँ गाँमय् वनाः धर्मप्रचार याःवनेगु भ्वलय् उगु इले वय्कलं बसया ब्ववस्था, नय्गु, थाय्बाय्या ब्यवस्था यायेगु आपाःयाना वय्कलं जिम्मा (भाला) कयादी । उबले विभिन्न थाय् थासं गुरुमांपिं धर्मकीर्ति विहारे च्वं बिज्याइगु खः । गुरुमांपिनी छुं कथंया समस्या जुल धाःसा वय्कलं ग्वाहाली यानादी । गथे वडाया सिफारिस काय् मासां, गुरुमांपिनि नागरिकता काय् माःसां, पासपोर्ट काय् मासां कया बिइगु ज्या लिसें सरकारी निकाय पाखें याय् मागु ज्या फुकं धैथें वय्कलं अल्सि मचासे सेवा भावं सहयोग याना दिल । भारत लगायत थी थी देशय् गुरुमांपि व उपासकोपासिकापिन्त भ्रमण यंकेगु ज्याय् न्ह्यलुवाः जुया दिल ।

धर्मकीर्ति पात्रो पिकाय्गु ज्याय् ब्यवस्थापक जुयाः विज्ञापन काय्गु, चन्दा म्हय्गु ज्या व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया मू आजु कथं बुद्ध धर्म सम्वन्धी सफू, पत्रपत्रिका प्रकाशन, धर्मकीर्ति बौद्ध मासिक पत्रिका पिकाय्गुलिइ निःस्वार्थ भावं सेवायानाः योगदान बियाः च्वनाः दिल धैगु धर्मकीर्ति स्वर्ण महोत्सव विशेषाङ्क (बि.सं. २०२२ निसें २०७२) साल तक पिदंगु पत्रिकाय् वय्कलं ज्यायाना दिइगु थन न्ह्यब्वय् ।



Downloaded from http://www.dhamma.digital

१) मिति २०४५ अनाला पुन्हि निसें २०४६ बैशाख अतिरिताङ्ग तक ... पत्रिकाया व्यवस्थापक ।
२) मिति २०४६ जेष्ठ अनाला पुन्हि निसें २०४६ ल्हुति पुन्हि तक ... पत्रिकाया व्यवस्थापक ।
३) मिति २०४७ जेष्ठ ज्या पुन्हि निसें २०४८ यःमरि पुन्हि तक ... पत्रिकाया व्यवस्थापक ।
४) मिति २०४८ पौष मिलापुन्हि निसें २०५१ जेष्ठ स्वाँया पुन्हि तक ... पत्रिकाया व्यवस्थापक ।
५) मिति २०५१ असार ज्याःपुन्हि निसें २०५१ पौष यःमरि पुन्हि तक ... पत्रिकाया व्यवस्थापक ।
६) मिति ०५३ बैशाख स्वाँया पुन्हि निसें २०५४ मंसिर ल्हुति पुन्हिं तक ... पत्रिकाया प्रमुख व्यवस्थापक ।
७) मिति २०५५ बैशाख पुन्हि निसें २०६१ चैत्र होलि पुन्हि तक ... पत्रिकाया प्रमुख व्यवस्थापक ।
८) मिति २०६२ बैशाख ल्हुति पुन्हि निसें २०६९ पौष यःमरि पुन्हि तक ... पत्रिकाया प्रमुख व्यवस्थापक ।

थुकथं धर्मकीर्ति बौद्ध मासिक पत्रिकाय् निःस्वार्थ भावं सेवायाना दिल । हाननं थथे पत्रिकायात निरन्तरता वियाः ज्यायाना दिइ धैगु भलसा काये ।

# 'धर्मकीर्ति धम्मवती सम्मान' पाखें सम्मानित अमीरकुमारी शाक्यया - म्हसीका

✍ उर्मिला ताम्राकार

बुद्ध धर्म संघप्रति अतिकं नुगः क्वसाःम्ह धर्मकीर्ति विहारया छम्ह उपासिका खः अमीरकुमारी शाक्य । वयकःयात धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पासपिंसं छम्ह बहुआयामिक व्यक्तित्वकथं म्हस्यू । वयकः छम्ह भाषाध्यमी, समाजसेवी, कवियित्री, सृजनशील नापं दानधर्मय् अतिकं मनक्वसाःम्ह व्यक्ति खः । वयकःया चिनाखँ, च्वसुत भ्हींसँ इलय्ब्यलय् धर्मकीर्ति पत्रिकाय् ब्वनाच्वनागु दु । धर्मकीर्ति प्रकाशन पाखें प्रकाशित जूगु श्रद्धेय भिक्षु अश्वघोष महास्थविरपाखें च्वयादीगु "मातापिताको गुण र बुद्धको सहीबाटो" नांयागु सफू थः मां अबुया नामं विहारय् धर्मदानया रुपय् इनाब्यूगु खः । वयकःया व्यक्तित्वयात जिं दकले न्हापां कवियित्रीया रुपय् म्हस्यूगु खः । वि.सं. २०३६/३७ सालपाखेया खँ खः, मोहनीया लकस, जिपिं छपुचः, पासापिं त्रि.वि.या कक्षा क्वथाय् मुनाच्वनागु, अवले वयकलं मोहनीनखःयात कयाः छपु चिनाखँ न्यंकादिल ।

नखः धाय्, नमखु धाय्,  
छु धाये, छु मधाये ... ...  
मोहनी धाये, स्वन्ति धाय्  
घ्योचाकु सँल्हुँ नं धा हे धाय्  
धेधे चुइकाः जक हे जुइगु खःसा  
न्हिच्छिया स्वकः पाहां चन्हे छाय् मधाय् !

चिनाखँया खँग्वःतला जितः बाँलाक लुमंमजू । तर चिनाखँय् नेवाः परम्पराय् खनेदुगु विकृतिया यथार्थ चित्रण प्रस्तुत जुयाच्वंगु जिं थुइका कया ।

अमीरकुमारी शाक्यया जन्म २००९ साल मंसीर महिनाय् थँया असंत्वालय् जूगु खः । वयकःया माँ स्व. लक्ष्मीकुमारी शाक्य व अबु शान्तिघट बज्रधातु चैत्य महाविहारया पूर्वथाय्पाः स्व. पञ्चरत्न शाक्य खः । वयकःया माँ अबुया भिम्ह मचात मध्ये वयकः स्वम्हम्ह खः । माँ अबु मदेधुंकाः थः प्यम्ह किजापिं व निम्ह केहेंपिं प्रति जिम्मेवारी थःके लाःवःगु भाःपाः थःगु जीवन परिवार प्रति समर्पित यानादिल । वयकलं इहिपाः याना मदी । थौंकन्हे वयकः थः किजा, भौ, भिंचापिंनाप ढल्को क्षेत्रपाटीस्थित थःगु छेँसं अवकाश जीवन हना च्वनादीगु दु ।

वयकःया शैक्षिक योग्यता शिक्षाशास्त्रय् वि.एड (२०२८), मानविकीइ स्नातक (२०३५) व अर्थशास्त्र विषयलय त्रि.वि.पाखें स्नातकोत्तर (२०४०) यानादीगु खः । अले शिक्षण पेशायात थःगु लजगाःकथं न्ह्याकादीम्ह वयकलं २०२८ सालंनिसें २०३० सालतक्क लेवेरेटरी स्कुलय् गणित विषय ब्वंकादिल । अनंलिपा २०३० सालं निसें २०६९ सालतक्क लगातार शान्ति शिक्षा मन्दिर मा.वि. थँहिटी ब्वंकादिल । थ्वहे दौरानय् वयकलं वि.सं. २०६८ सालं निसें २०६९ साल तक्क प्रधानाध्यापिकाया पद जिम्मेवारी पूर्वक सम्हालेयाना दिइगु खः ।

शैक्षिक ख्यलय् थःत पानादीम्ह वयकः विभिन्न इलय् विभिन्न सिरपापाखें सम्मानित नं जुयादिल । वयकःयात २०४७ सालय् जिल्ला शिक्षा समितिपाखें प्रशंसा-पत्र, वि.सं. २०५२ सालय् शिक्षक संघ पाखें



Downloaded from http://www.dhamma.digital

अभिनन्दन-पत्र व वि.सं. २०६६ सालय् राष्ट्रिय शिक्षा दिवसया उपलक्ष्यय् शिक्षा दिवश पदक सहित राष्ट्रिय पुरस्कार प्राप्त जुल । थुगुसिइ वि.सं. २०७२ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ४४ औं वार्षिक भेलाय् "धर्मकीर्ति धम्मवती सम्मान" पाखें वय्कः सम्मानित जुयादिल। थुगु सम्मान वयकःयात अध्ययन गोष्ठीया स्थापनाकालंनिसें थौंतक्क धर्मकीर्ति विहार व अध्ययन गोष्ठीया थीथी ज्याभ्वःयात निरन्तर न्ह्याकायंकेगुलिइ ज्वःमदुगु योगदानयात कदरयासे बिउगु खः ।

दकले न्हापां वयकः धर्मकीर्ति विहार् २०२७/२८ साल पाखे प्रवेशजुयादीगु खःसा अनंलिपा धर्मकीर्ति विहार या थीथी एकाईया दुजः जुयाः ज्यायाना दिल । वि.सं. २०३० सालं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ज्यासना पुचलय् सचिव, वि.सं. २०६३ सालं निसें वि.सं. २०६५ साल तक्क उपाध्यक्ष व २०६६ सालंनिसें २०७१ साल तक्क दुजः जुयाः ज्या याना दिल । थौंकन्हे वयकः गोष्ठीया सहसचिव पदय् दु। थ्व वाहेक वयकलं धर्मकीर्ति संरक्षण कोषया सदस्य जुयाः नं ज्या याना दीधुंकल। अथे हे थौंकन्हे वयकः धर्मकीर्ति ततापुचःया सदस्य, धर्मकीर्ति शिक्षा सदनया संस्थापक सदस्य, धर्मकीर्ति ज्ञानमाला भजनखलःया आजीवन सदस्य नं जुयाच्वनादीगु दु ।

धर्मकीर्ति विहारय् वयकःया यक्वहे योगदान खने दु । गथेकि –

१) अध्ययन गोष्ठीया सुरुवातं निसें गां गामय् वनाः धर्मप्रचार याःवनेगु अभियानय् गबलें कार्यक्रमया सञ्चालक, गबले स्वागत भाषण, गबले धन्यवाद ज्ञापन, गबलें कविता वा लेख रचना वाचन याय्गु ज्या याना दिल ।

२) धर्मकीर्ति पत्रिका प्रकाशन जुसांनिसें धर्मकीर्ति पत्रिका व प्रकाशित सफूया सदस्य संख्या संकलनयानाः इनेज्या याना च्वनादीगु दु ।

३) धर्मकीर्ति पत्रिकाय् पिदंगु वयकःया न्हापांगु रचना "लज्जा व भय", "बौद्ध अध्ययन", "अर्धस्मृतिका पानाहरू पल्टाउँदा" आदि खः । अथेहे वयकःया चिनाखँत "अयलाःयात" "भ्वय्धाःवया", "तले सुदी ?", मनूया स्वभाव", "स्व नेतृत्त्व विकासया हलंज्वलं", "प्रव्रज्या जीवनया छफुति नसला" "तेलला", आदि धर्मकीर्ति पत्रिकाय् पिदंगु दु ।

४) विहारया उपासक उपासिकापिनि मस्तय्त स्वदँ तक्क लगातार स्वयं सेविकाया रूपय् गणित विषयलय् कोचिङ्ग कक्षा कयाः एस.एल.सि. परीक्षा ताःलाके त ग्वहाली याना दिल ।

५) अध्ययन गोष्ठीया नियमित ज्याभ्वःत मध्ये छगू हाजिर जवाफ प्रतियोगिता खः । निम्न माध्यमिक विद्यालय स्तरया हाजिर जवाफ प्रतियोगिताया थःगु स्कूल "शान्ति शिक्षा मन्दिरया" विद्यार्थीपिन्त बुद्ध शिक्षाया कक्षा कयाः लगातार न्हेकः तक्क त्याकाः रनिङ्ग शिल्ड पचय् याकेत महत्त्वपूर्ण भूमिका म्हितादिल ।

६) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया नियमित वार्षिक कार्यक्रम मध्ये दकले ताःहाकःगु कार्यक्रम धैगु "अल्पकालिन श्रामणेर तथा ऋषिणी प्रव्रज्या" शिविर खः धर्मकीर्ति वसुन्धरा विहारय् जूगु निकोगु शिविरय् वयकः ऋषिणी जुया दिलसा, वयांलिपा २०६३ सालं अमरापुर वुंगमती विहारय् स्वयं सेविका जुयाः ज्यायाना दिल । अनंलिपा बि.सं. २०६४ सालं निसें २०७१ साल तक्क लगातार च्याक्वः तक्क शिविरया संयोजक जुयाः सफलतापूर्वक ज्याभ्वः सञ्चालन याना दिल । थुगुसीया १५ औं पटकया शिविर देशया विषय परिस्थितिया कारणं स्थगित जुया च्वंगु खः । तर वयकःया अथक प्रयाशं थ्व कार्यक्रम २०७२ चैत्र २७ गतेनिसें २०७३ बैशाख ३ गते तक्क सञ्चालन जुइगु निश्चित जुल ।

७) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया लागि भाजु ज्ञानमान तुलाधरजुं इनादीगु स्वागतम्ये "स्वागत दु बौद्ध अध्ययन गोष्ठी ..." या लागि लय नं वयकलं हे तयादीगु खः ।

थ्व बाहेक वयकः मेमेगु यक्व हे ख्यलय् नं सक्रिय जुयाच्वनादीगु दु । वयकः "शाक्यधीता नेपाल" या संस्थापक दुजः, "शान्तिघट वज्रधातु चैत्य महाविहार संघ (श्रीघः) या उपाध्यक्ष, शाक्य महापरिवार संघया संस्थापक सदस्य, नेपाल भाषा मिसा खलःया आजीवन सदस्य, अन्तर्राष्ट्रिय बौद्ध भिक्षुणी संघया आजीवन सदस्य, अथे हे मेमेगु यक्व हे विहारया आजीवन सदस्य नं खः ।

वयकलं विभिन्न देश विदेशय् नं भ्रमणयाना दी धुंकल । बौद्ध चारधामया तीर्थयात्रा, म्यानमार, थाइलैण्ड (३ क्वः) जापान (२ क्वः) भ्रमण याना दीधुंकल ।

थुकथं बौद्ध धर्मय् थःत पानाः बुद्ध शिक्षाकथं आचारण यानाः विहार व समाज सेवाया लागि यक्व हे योगदान याना दीम्ह वयकःयात वयकःया ज्यायात कदर यासे "धर्मकीर्ति धम्मवती सम्मान" पाखें सम्मानित याःगु जुल ।



Downloaded from http://www.dhamma.digital

## धर्म प्रचार

## समाचार

### लुम्बिनी परियत्ति रनिङ शील्ड महाचैत्य परियत्ति केन्द्रलाई

२०७२ फागुन २१ बुटवल

बौद्ध युवा ज्ञानमाला संघको रजतजयन्तीको उपलक्ष्यमा दिवंगत चुन्द शास्त्री महास्थविरलाई समर्पण गर्ने उद्देश्य सहित पहिलोपल्ट पञ्चचैत्य परियत्ति केन्द्रद्वारा संञ्चालनमा आएको लुम्बिनी अञ्चलस्तरिय परियत्ति रनिङ शिल्ड प्राप्त गर्न प्रतियोगितामा महाचैत्य परियत्ति विहार केन्द्रले प्रथम स्थान हासिल गरी रनिङ शिल्ड आफ्नो पोल्टामा पार्न सफल भएको छ । प्रमुख अतिथि नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रीय परीक्षा नियन्त्रक पूज्य भिक्षु बोधिज्ञान महास्थविरले विजयी टोलीलाई रनिङ शिल्ड र नगद पुरस्कारसहित प्रमाणपत्र तथा खादा वितरण गर्नुभएको थियो ।

प्रतियोगितामा प्रथम हुने महाचैत्य बिहार केन्द्र, तानसेनबाट निशा शाक्य, सरिता वज्राचार्य, दुतिय स्थान प्राप्त गर्न सफल अन्तराष्टिय बुद्ध परियत्ति उदय विहार रूद्रपुर शाखाका जितबहादुर राना, हरि बुढामगर, त्यस्तै तृतीय हुन सफल आनन्द बिहार केन्द्र, तानसेन, पाल्पाका श्रीया शाक्य, सविना बज्राचार्यले भाग लिनु भएको थियो । यस प्रतियोगितामा भाग लिन पाल्पा र रूपन्देही जिल्लाका ७ केन्द्रहरू सहभागी थिए । प्रथम, द्वितीय, तृतीय स्थान हासिल गर्ने टोलीलाई क्रमशः रू.२०००, १५०० र रू.१००० तथा बुद्धमूर्ति र अरू पुरस्कारहरू प्रदान गरिएको थियो ।

अन्योलताका बाबजुद संञ्चालन मिति तोकेर गरिएको यस कार्यक्रमले लुम्बिनी क्षेत्रमा परियत्ति जागरण ल्याउन महत्वपूर्ण भूमिका खेल्न सक्दछ । यसले लुम्बिनीमा रहेका परियत्ति केन्द्रहरू बीच एक आपसमा, समन्वय, सम्बन्ध प्रगाढ गर्न र भबिष्यमा अरू कार्यक्रम साथमा गर्न सहयोग मिल्नेछ। पञ्चचैत्य परियत्तिका प्रमुख सल्लाहकार बिमल बहादुर शाक्यले प्रश्नकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो उक्त कार्यक्रममा, आनन्दमानसिं शाक्य, प्रेमलाल उदास, देवेन्द्रराज शाक्यले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो ।

भबिष्यमा पनि सञ्चालन हुने सो कार्यक्रम बर्षको एकपटक हुने र तीनपटक शिल्ड जितेमा सोहि प्रकारको अर्को रेप्लिका शिल्ड विजेतालाई दिइने जानकारी गराइयो । यस प्रतियोगिता सञ्चालन गर्न नेपाल बौद्ध परियत्ति शिक्षाबाट रू.१०००० रकम र भिक्षु बोधिज्ञानबाट रू. ५००० प्रदान गरिएको थियो । त्यसकारण पनि प्रतियोगिता सम्पादन गर्न पञ्चचैत्य परियत्ति केन्द्रलाई ठूलो राहत मिलेको थियो। प्रतियोगिता सम्पन्न गर्न लगभग रू. ४५ हजार व्यय भएको छ ।

यस प्रतियोगिता सम्पादन गर्न मुख्य पञ्चचैत्य परियत्ति केन्द्रका केन्द्राध्यक्ष भिक्षु कविन्दो प्रमुख, सचिव चन्द्रगुप्त शाक्य, संयोजक पञ्चलाल शाक्य, रेप्लिका शिल्ड दाता विनोद शाक्य तथा प्रमुख सल्लाहकार विमलवहादुर शाक्यको प्रेमलाल उदास, प्रा. आनन्दमान सिंह शाक्य र बौद्ध युवा ज्ञानमाला संघको समेत विशिष्ट योगदान रहेको छ ।

### शाक्यधीता नेपालको चौठौं वार्षिक साधारण सभा सम्पन्न

*रिपोर्टर- उर्मिला ताम्राकार*

वि.सं. २०७२ साल फागुन ९ गते आइतवारको दिन धर्मकीर्ति विहारको धम्महलमा “शाक्यधीता नेपाल” को चौठौं वार्षिक साधारण सभा भिक्षुणी धम्मवती गुरुमांको सभापतित्त्वमा सुसम्पन्न भयो। शील प्रार्थनाबाट शुभारम्भ भएको यस सभाको समद्घाटन भिक्षुणी धम्मवती गुरुमां प्रमुख अतिथिद्वय अनुपमां गुरुमां र आनी छोइङ्ग डोल्माको संयुक्त बाहुलीबाट भएको थियो ।

यस सभा दुई सत्रमा सञ्चालन भएको थियो । पहिलोसत्र शाक्यधीता नेपालको अध्यक्ष मेतावती गुरुमांको स्वागत भाषणबाट सुरु गरिएको थियो। सभाका सभापति धम्मवती गुरुमां तथा प्रमुख अतिथिअनुपमा गुरुमांद्वारा ओवाददेशना दिनु भएको थियो। ओवाद देशनाको क्रममा श्रद्धेय धम्मवती गुरुमांले अन्तर्राष्ट्रिय संस्था “शाक्यधीता”को स्थापना विशेषगरी पश्चिमी मुलुकका महिलाहरू सरह एशियन मुलुकका बौद्ध महिलाहरूको उत्थान र समृद्धिका लागि चौधौं दलाई लामाको सल्लाह बमोजिम बुद्धगयामा



Downloaded from http://www.dhamma.digital

भएको बौद्ध महिलाहरूको सम्मेलनको नतिजा स्वरूप भएको बताउनु भयो । पश्चिमी एशियाका महिलाहरू पुरुषको कारणले मात्र नभई, स्वयं महिलाहरूकै कारणले पनि अगाडि बढ्न नसकेको बताउनु भयो । त्यसैले बुद्धको शिक्षा मार्फत बौद्ध महिलाहरूलाई जागृत बनाई उनीहरूलाई अगाडि ल्याउन सके घर परिवार, समाज र देशको उन्नतिमा समेत योगदान हुनेकुरा औंल्याउनु भयो । त्यस्तै अनुपातमा गुरुमांले आफ्नो ओवाद देशनामा भिक्षु-भिक्षुणीहरूले शील-समाधी-प्रज्ञा मार्फत र उपासको पासिकाहरू गृही विनयको पालना मार्फत अगाडि बढ्नसके सुख शान्ति मिल्ने कुरा बताउनु भयो । त्यस्तै अतिथि आनि छोइङ्ग डोल्माले आफ्नो कर्णप्रीय आवाजबाट बुद्ध जीवनीमा आधारित गीत प्रस्तुत गर्नुभई उपस्थित सबैलाई भावविह्वल पार्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्र "शाक्यधीता नेपाल" को सह-सचिव कीर्ति तुलाधरबाट सञ्चालन गरिएको थियो । उक्त सत्रमा संस्थाका सचिव इन्दावती गुरुमांद्वारा वार्षिक प्रतिवेदन र कोषाध्यक्ष प्रफुल्ल कमल ताम्राकारले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएका थिए । त्यस्तै बबी वज्राचार्यले इन्डोनेसियामा भएको चौधौं अन्तर्राष्ट्रिय शाक्यधीता सम्मेलनको बारे आफ्नो अनुभव प्रस्तुत गर्नु भएको थियो ।

उक्त सभामा "शाक्यधीता नेपाल"को कार्यसमितिको पुनर्गठन पनि भएको थियो । नवगठित कार्य समितिमा धम्मानुशासको रूपमा भिक्षुणी धम्मवती गुरुमां, अध्यक्ष मेत्तावती गुरुमां उपाध्यक्ष द्वयमा इन्दावती गुरुमां र प्रफुल्ल कमल ताम्राकार, सचिव कीर्ति तुलाधर, सह-सचिव कृष्णेश्वरी हाडा, कोषाध्यक्ष सुमित्रा तुलाधर, सह-कोषाध्यक्ष अम्बिका श्रेष्ठ र सदस्यहरूमा सुचिता गुरुमां, रमा कंसाकार, प्रेमहीरा तुलाधर, सृजना वज्राचार्य रहनु भएको छ । त्यस्तै सल्लाहकारमा डा. सुमन कमल तुलाधर, मदनरत्न मानन्धर र उर्मिला ताम्राकार रहनु भएको छ ।

उक्त कार्यक्रममा कृष्णेश्वरी हाडाबाट धन्यवाद ज्ञापन र भिक्षुणी धम्मदिन्ना (चमेली) गुरुमांबाट पुण्यानुमोदन गरी सभालाई विसर्जन गर्नुभएको थियो । यस सभाको सञ्चालन संस्थाका सदस्य उर्मिला ताम्राकारको संयोजकत्त्वमा सम्पन्न भएको थियो ।

## "मैत्रय युवा संघको वार्षिक उत्सव"

समाजमा अन्धविश्वास विकृति हटाई नैतिकवान् युवा निर्माण गरी राष्ट्र निर्माणमा टेवा पुऱ्याउनु परियत्ति शिक्षालाई आधार वनाई अगाडि वढिरहेको मैत्रय युवा संघको १९ औं स्थापना दिवसका उपलक्षमा विभिन्न कार्यक्रमका साथ वार्षिक उत्सव सम्पन्न भएको समाचार छ । पूज्य निग्रोध भन्तेको प्रमुख अतिथ्यमा पञ्चशील प्रार्थना गरी शुरू भएको यस कार्यक्रममा संघका उपाध्यक्ष तिर्थराज वज्राचार्यले स्वागत मन्तव्य दिनुभयो । संघका अध्यक्ष सत्यलक्ष्मी रंजितको सभापतित्वमा सञ्चालन भएको यस कार्यक्रममा संघका सचिव संचित बुद्धाचार्यको संघको बार्षिक प्रतिवेदन र जमुना गोसाइले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । संघलाई सहयोग गर्ने विभिन्न श्रद्धालुहरूलाई पनि कदर पत्र प्रदान गरिएको यस कार्यक्रममा माइला दोङ्ग, गाँरी श्रेष्ठले पनि परियत्ति शिक्षाको महत्व सम्वन्धमा आ-आफ्नो मन्तव्य दिनुभएको थियो । जयकीर्ति विहार थथुवहीमा सञ्चालित यस कार्यक्रममा बौद्ध संघ भक्तपुरका अध्यक्ष त्रिरत्न शाक्य र संस्थापक अध्यक्ष संघरत्न शाक्यले शुभ कामना सहित आ-आफ्नो मन्तव्य दिनु भयो । भक्तपुरमा विद्यालयहरूमा पनि परियत्ति शिक्षा प्रचार भएकोले आफूले पनि बुद्ध शिक्षा अध्ययन् गर्न पाएकोमा सन साइन ई. स्कूलका प्रधानाध्यापक पूण्य प्रसाद ढकालले खुशी व्यक्त गर्नु भएको यस कार्यक्रममा प्रमिला धाख्वाले उपस्थित सबैलाई धन्यवाद दिनु भएको थियो ।

मैत्रेय युवा संघ अक्षय कोषको लागि रत्नायन परिवाबाट रू २५०००।- आर्थिक सहयोग प्रदान गर्नु भयो ।

परियत्ति शिक्षा सञ्चालनको लागि आर्थिक सहयोग दिनु हुने –

१. शुभ लक्ष्मी वज्राचार्य – २५००।-

२. तारा शोभा बज्राचार्य – ११००।-

- **पहिले गल्ति गरेर पछी फेरि गल्ती गर्दैन, त्यस्ताले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछ ।**
- **जसको पाप कर्मलाई पुण्य कर्मले ढाक्छ त्यसले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछ ।**

*– बुद्ध उपदेशहरू*



Downloaded from http://www.dhamma.digital

## समाजसेवी स्वयम्भू रत्न तुलाधरया बःचा हाकःगु म्हसीका

*प्रस्तुती- दीना कंसाकार*

वि.सं. २०१३ सालय् मा श्रीप्रभा व अबु त्रिरत्न तुलाधर या कोखं स्वयम्भू रत्न तुलाधर जन्म जूगु खः । वय्कःया तिरिमय्जु प्रतिमा हिरा तुलाधर व काय्पिं निम्ह दु ।

व्यवस्थापन विषयय् डिप्लोमा डिग्री कयातःम्ह वय्कः पेशागतं आयात/निर्यात वनेज्याय् संलग्न जुया च्वंगु खःसा बौद्ध क्षेत्रय् उलि हे लोकं हवाःम्ह व्यक्ति खः । बहुआयामिक व्यक्तित्वया कारणं विभिन्न संघ संस्थाय् आवद्ध जुयाः ग्यसुलाःगु पलाः न्ह्याका च्वंम्ह खः ।

वि.सं. २०४२ साले अध्ययन गोष्ठीई कार्यकारिणी सदस्य जुयाः पलाः न्ह्याकादिइम्ह वयकलं वि.सं. २०४३ सालय् सह-सचिव पद सम्हाले यानादिल । वि.सं. २०४४ साल निसें २०४९ साल तक सचिव पदय् च्वनाः अध्ययन गोष्ठीई न्हून्हूगु ज्याभ्वः न्ह्याःका दिइत ताःलानादिल ।

"सुनां रोगीया सेवा याई वं जितः सेवा याःगु जुई" धयागु भगवान् बुद्धया वचन कथं धर्मकीर्ति विहारं हिदान यायेगु ज्याभ्वः न्ह्याका वयाच्वंगु थनिं ३० वर्षं मयाय् धुंकूगु दु । थ्व ज्याभ्वलय् स्वास्थ्यसेवी भाजु स्वयम्भू रत्न तुलाधरया अथक प्रयास व वय्कःयागु हे संयोजकत्त्वय् अध्ययन गोष्ठी पाखें ३० वर्षतक हिदान मदिक्क न्ह्याका दिल । थुगु ज्याय् वि.सं. २०४० सालय् न्हापांगु पटक ज्याभ्वःलय् मां गुण गुरुमांया विशेष प्रोत्साहनं व वय्कःपाखें बैशाख पुन्हिया लसताय् हिदान ज्याभ्वः न्ह्यात । वि.सं. २०४७ बैशाख २२ गते दकलय् अप्व हिदान व्यूगु संस्था धकाः धर्मकीर्ति विहारयात नेपाल ल्वड डोनर्स क्लब व नेपाल रेडक्रस सञ्चार सेवामा पाखें शिल्ड व सम्मान पत्र काय्गुली ताःलाना दिल । बि.सं. २०४७ बैशाख २२ गते व वि.सं. २०४८ जेष्ठ ११ गते अध्ययन गोष्ठीया सचिव पद सम्हालेयाना दिइगु भ्वलय् वय्कःया संयोजकत्त्वय् नेत्रदान शिविर न्ह्याकादिइगु दु ।

सामाजिक सेवापाखें वय्कः हःपाः गुथिई कोषाध्यक्ष, धर्मोदय सभा, उदाय समाज, श्री दिगु ख्यो गुथिई कार्यकारिणी सदस्य खः । परामर्सकोषया संयोजक नं खः । वथेतुं स्वास्थ्य क्षेत्रपाखें वय्कः विभिन्न संस्थाय् संलग्न जुयाः योगदान बिया च्वनादीगु दु । स्वास्थ्य क्षेत्रपाखें यक्को ट्रेनिङ्ग कक्षा, कार्यशाला गोष्ठीइ सहभागी जुया च्वनादीगु दु ।

धर्मोदय सभा, स्वयम्भू ज्ञानमाला भजन खलः नेपाल रेडक्रस सोसाइटी, नेवाः जागरण मञ्च, नेपाल हेमोफिलां समाज, हःपाः गुथि, धर्मकीर्ति विहार सहितं विभिन्न संस्थाय् आजीवन सदस्य नं खः ।

हानं छकः लिसाकासें न्ह्याबलें जागृत एवं सक्रिय मेहनती व जिम्मेवारी गबलेनं लिमचिलीगु वयकःयागु स्वभावयात भ्रीसं आदर याय्माः । सेवायां भावनांहे थःगु दिनचर्या न्ह्याकीम्ह भाजु स्वयम्भूरत्न तुलाधरया सेवा भावया कदर यासें धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीं थःगु ४४ क्वःगु वार्षिक भेलास वयकःयात कदर पत्र लःल्हानाः सम्मान याःगु जुल ।

---

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*बि.सं. १९९९ मंसिर ८ गते*

*दिवंगत :*
*वि.सं. २०७२ फागुन २३ गते*

**दिवंगत श्री इश्वरराज वन्त**, वालुवाटार-४

निर्वाण मूर्ति किम्डोल विहार, बौद्ध परियत्ति शिक्षा केन्द्रको लागि आवश्यक सहयोग गर्नुहुने दाताहरू मध्ये एक दाता **श्री इश्वरराज वन्त** दिवंगत हुनुभयो । यस दुःखद् घडीमा उहाँका परिवारले संसारको अनित्य स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् । साथै दिवंगत दाताको सुगति एवं निर्वाण कामना गर्दै पुण्यानुमोदन गर्दछौं ।

**भिक्षुणी डा. धम्मविजया**
निर्वाणमूर्ति
किम्डोल विहार, स्वयम्भू परिवार

( back cover inside )

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



# दिवंगत कुञ्जरिका रञ्जित

अनन्त गुणं सम्पन्नम्ह जिमि मां कुञ्जरिका रञ्जितया वि.सं. २०७३ साल बैशाख ९ गते खुन्हु निदंया पुण्य तिथिया उपलक्ष्ये पुण्यानुमोदन यानाच्वना । मां मदयाः दुःखं कःपिं जिमित मैत्रीभावं विचाः हाय्काद्यूपिं सकसिंत साधुवाद देछानाच्वना ।

*जिमिं मांया न्याम्ह म्ह्याय्पिं –*

*१) छन्हु निन्हु धाधां छं जिमित*
*तोतोवंगु निदं दत योमां ।*
*अयनं थ्व मां मदुम्ह धाःगु*
*सः न्यने मफु योमां ।*

***– श्रद्धाचारी गुरुमां***

*२) योमां ! जिमि मां ! छंगु ख्वाः*
*स्वय्प्याः चाल योमां*

***– श्रीमिला सुवाल***

*३) जिमित अति माया याईम्ह गन*
*वन जिमि मां ?*
*छंगु लुमन्ति जिपिं पियाहे च्वना यो मां !*

***– मिला रञ्जित***

*४) मां ! छ थें माया याइम्ह मदु*
*जिमित मेपिं*
*उर्के छंगु माया ममता लुमना च्वन*
*यो मां !*

***– प्रकृति तुलाधर***

*५) मां गो धाधां तले कुने माला जुया*
*तर थौं ला मांया निदंया तिथि*
*हँ ! कोटी कोटी*
*श्रद्धाञ्जली छँ योम्ह कान्छी*
*म्ह्याय्या पार्खें योमां !*


***– लिसा रञ्जित***

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



साभार- बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

दाता अनाथपिण्डिककी छोरा बुहारी सुजातालाई भगवान् बुद्धले बोध गराइरहनु भएको दृष्य ।

**वर्ष-३३; अङ्क-१२** **बु.सं. २५५९, ल्हुति पुन्हि**

Downloaded from http://www.dhamma.digital

# सुजाता सुध्रिइन्

– **कल्याणमित्र सत्यनारायण गोयन्का**

अनुवाद- **वीर्यवती**

अंग प्रदेशका सेंठ धनन्जय कोशल राज्यको साकेत नगरमा रहने गर्थ्यो । उनकी दुइटी छोरीहरू थिए । विशाखा र सुजाता । सुजाता झगडालु स्वभावकी र कडा मिजासकी थिइन् ।

सुजाताको विवाह सेंठ अनाथपिंडिकको छोरासंग सुसम्पन्न भयो । धनी बुबाकी छोरी भएकीले सुजाताको मनमा एक प्रकारको घमण्डी स्वभावले ठाउँ लिएको थियो ।

एकदिन भगवान् बुद्ध अनाथपिंडिक महाजनको निमन्त्रणा स्वीकार गरी उनको घरमा आउनुभएको थियो । उहाँ शान्तप्रिय व्यक्ति हुनुहुन्थ्यो । उहाँलाई हल्ला बिल्कुल मन पर्दैनथ्यो । तर अनाथपिण्डिकको घरमा ज्यादै हल्ला भइरहेको थियो त्यसबेला । त्यसैले भगवान् बुद्धले अनाथपिंडिकलाई सोध्नुभयो–

"गृहपति ! तिम्रो घरमा यो के को हल्ला भइरहेको ?"

अनाथपिण्डिकले भन्यो– "भगवान् ! मेरी छोरा बुहारी सुजाता धनी बुबाकी छोरी भएकी कारणले उनी अलि अहंकारी छिन् । त्यसैले उनीसंग नरम मिजासले कुरा गर्ने बानी नै छैन । त्यसैले मेरो घरमा धेरैजसो संधै यसरी हल्ला र कोलाहल भइनै रहन्छ ।"

भगवान् बुद्धले सुजातालाई उहाँ समक्ष बोलाउनुभयो । उनीलाई मैत्रीपूर्वक नरम मिजासले एक कुशल एवं सभ्य गृहिणीमा हुनुपर्ने सभ्य बानी व्यवहार विषयमा उपदेश दिनुभई उनको असभ्य बानी सुधारीदिनुभयो ।

भगवान् बुद्धले अनाथपिण्डिकको छोरा बुहारी सुजातालाई भन्नुभयो– "सुजाता ! समाजमा ७ प्रकारका स्वभाव भएका श्रीमती गृहिणीहरू छन् ।

सुजाता– "भन्ते भगवान् ! यस विषयमा अलि बुझिने गरी मलाई बताइदिनुस् ।"

भगवान् बुद्ध– ती सात प्रकारका श्रीमतीहरू यसरी छन्–

१) दुषित चित्त भएकी अरूको अहित चिताउने बानी भएकी आइमाई । यस्ती महिलाले आफ्नो श्रीमान्लाई उपेक्षा भाव राखी अन्य केटाहरूलाई लोभी नजर लगाउँदै हिंड्ने गर्छिन् ।

२) कुनै महिलाको आफ्नो श्रीमान्ले रगत पसिना बगाई कमाएर ल्याएको सम्पत्तिलाई सुरक्षा गरी जगेर्ना गर्ने बानी हुँदैन । मनपरि कार्यमा मोजमज्जा गरेर उडाउँदै खर्च गर्ने स्वभावकी हुन्छिन् ।

३) कुनै महिला अल्सी स्वभावकी, घरको काम नगर्ने, मीठो-मीठो खाने, पिउने कठोर र प्रचण्ड स्वभाव भएकी, मनपरी अपशब्द बोल्ने र आफ्नो श्रीमान्को कार्यमा बाधा बनी उत्साहलाई डुबाइदिने खालकी, काम नलाग्ने स्वभावकी आईमाई ।

४) कुनै महिला आफ्नो श्रीमान्लाई संधै हित र सुखको कामना गर्दै श्रीमान्को कामकाजमा सघाईदिने र रेखदेख गर्ने गर्छिन् । जसरी एक आमाले आफ्नो छोरालाई हेर विचार गर्छ, त्यसरी नै आफ्नो श्रीमान् प्रति मैत्री पूर्वक सेवा भाव राख्ने असल स्वभावकी श्रीमती । उनीले आफ्नो श्रीमान्ले कमाएर ल्याएको सम्पत्तिलाई मेहनतपूर्वक हेरविचार गरी सुरक्षा गर्छिन् ।

५) कुनै श्रीमती आफ्ना श्रीमान् प्रति आदर र गौरव राख्ने खालकी हुन्छिन् । कोमल स्वभावले युक्त यस प्रकारकी श्रीमतीले संधै श्रीमान्को आज्ञा पालन गर्न तत्पर हुन्छिन् ।

६) कुनै श्रीमती आफ्नो श्रीमान्लाई आफ्नो पुरानो मनपर्ने साथीलाई व्यवहार गरे जस्तै सुख दुःखमा सहभागी भई मैत्रीपूर्वक साथ दिने खालकी हुन्छिन् । एक कुलीन शीलवान् र प्रतिव्रता नारी भई श्रीमान् प्रति प्रमुदित भई व्यवहार गर्छिन् ।

७) कुनै श्रीमती संधै शान्त रहन्छिन् । श्रीमान् प्रति कहिले पनि द्वेष भाव नराखी श्रीमान्को हरेक कार्यमा सहमति राख्छिन्, आफ्ना श्रीमान्को कुनै पनि कुरामा नरिसाई हरेक परिस्थितिमा श्रीमान्लाई साथ दिने गर्छिन् ।

पहिलो दोश्रो र तेस्रो प्रकारका श्रीमतीहरू दुशील छन् । कठोर स्वभावका छन् । श्रीमान्लाई आदर नगर्ने खालका छन् । त्यसैले उनीहरू मरणपछि नकरगामिनी हुन्छन् ।

चारौं, पाँचौं, छैठौं र सातौं तहका श्रीमतीहरू शीलवान् छन् । दीर्घकालसम्म संयमी जीवन बिताउने भएको कारणले मरणपछि उनीहरू स्वर्ग लोकगामी हुन्छन् ।

सुजाता ! गृहिणी श्रीमतीहरू यी ७ प्रकारका हुन्छन् । ती मध्ये तिमी कुन तहमा पर्छौ ?

सुजाता- "भन्ते ! आजबाट मैले ७ प्रकारका श्रीमतीहरू विषयमा थाहा पाएँ ।"

यस घटना पछि सुजाताले आफ्ना परिवार र अन्य सबै प्रति राम्रो एवं सभ्य व्यवहार प्रयोग गर्न सक्षम भइन् ।

*(साभार- बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का)*

Downloaded from http://www.dhamma.digital